मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १६९ | २०८० साल वैशाख १८ गते सोमबार | Monday 1, May. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# कसरी कमजोर भयो मुलुकको अर्थतन्त्र ?

**मधेशदृष्टि**
**वीरगंज, १७ वैशाख ।**
चालु आर्थिक वर्षका ९ महिना सकिएका छन् । वैशाख पनि आधा कटेको छ । बाँकी छ जेठ र असार महिना । यतिखेर सरकार, देश र अर्थतन्त्रबारे चोकचौतारामा कुरा हुन थालिसकेको छ कि, देश टाट पल्टियो ।

अर्थतन्त्र शिथिल छ र राज्य कर्मचारी, पूर्वकर्मचारीलाई तलब खुवाउन वैदेशिक ऋण खोजिरहेको छ । के साँच्चै देश यस्तै भएको हो त ?

तथ्यांकहरुले भन्छ, 'सरकारको आम्दानीमा भारी गिरावट आएको छ ।' त्यसैले सरकार अनिवार्य दायित्व अन्तर्गत पेन्सन, तलब, भत्ता, ऋणको साँवा तथा ब्याज भुक्तानीमा सुस्तता देखाइरहेको छ । यो नौ महिनामा लक्ष्यभन्दा ५० प्रतिशतले आम्दानी घटेकाले पनि शिथिल बनेको देखिएको हो । सरकारको तथ्यांक सन्तोषजनक छैन ।

राज्यको मुख्य आम्दानी राजस्व संकलन नै हो । यसबाहेक आउने अनुदान र ऋण सहायतामा पनि सरकार कमजोर भएको छ । विश्व अर्थतन्त्रमा परेको असर नेपाली अर्थतन्त्रमा पर्ने नै भयो । वैदेशिक ऋण र अनुदान घटेको छ ।

**कति संकलन भयो ?**
सरकारले नौ महिनामा कर राजस्व ६ खर्ब १६ अर्ब ११ करोड ८२ लाख रुपैयाँ संकलन गरेको छ । यस्तै, गैरकर राजस्व ६७ अर्ब ६८ करोड ७४ लाख रुपैयाँ प्राप्त गरेको छ । अन्य प्राप्तिमा जम्मा ३५ अर्ब ८६ करोड ६४ लाख रुपैयाँ छ । जम्मा ७ खर्ब १९ अर्ब ६१ करोड २० लाख रुपैयाँ राजस्व सरकाले उठाउन सकेको छ । सरकारले ९ खर्ब ९७ अर्ब ९६ करोड रुपैयाँ उठाउने लक्ष्य राखेको थियो । ७२ दशमलव दुई प्रतिशत मात्र राजस्व संकलन हुँदा स्वतः राज्यका अर्थतन्त्र शिथिल देखिएको हो ।

| कर शीर्षक | नउठेको रकम |
|---|---|
| १. राजस्व | २ खर्ब ७८ अर्ब ३४ करोड ८० लाख |
| २. कर | ३ खर्ब ११ अर्ब ७९ करोड ३६ लाख |
| ३. गैरकर | २ अर्ब ३७ करोड |
| ४. सडक निर्माण तथा सम्भार | ५ अर्ब ४८ करोड १३ लाख |
| ५. भ्याट | ७८ अर्ब १३ करोड १ लाख |
| ६. अन्तःशुल्क | ८९ अर्ब ६२ करोड ६८ लाख |
| ७. आयकर | ६७ अर्ब ३५ करोड ९२ लाख |

स्रोतः अर्थ मन्त्रालय

**कहाँबाट कति उठ्यो ?**
सरकारले सडक मर्मत तथा सुधार दस्तुरबाट १० अर्ब ७८ करोड ८१ लाख रुपैयाँ लक्ष्य लिएकोमा चैतसम्ममा जम्मा ५ अर्ब १५ करोड ८२ लाख रुपैयाँ अर्थात ५० प्रतिशतमात्र संकलन गरेको जनाएको छ । सडक निर्माण तथा सम्भार दस्तुरमा ७ अर्ब ६२ करोड ४१ लाख रुपैयाँ संकलनको लक्ष्यमा २ अर्ब १४ करोड २८ लाख रुपैयाँमात्र उठेको अर्थ मन्त्रालयले जनाएको छ ।

मूल्य अभिवृद्धि करमा २ खर्ब २ अर्ब १६ करोड ८ लाख रुपैयाँ उठेको छ । चैतसम्ममा २ खर्ब ८० अर्ब २९ करोड ९ लाख रुपैयाँ उठाउने लक्ष्य राखिएकामा उत्पादन तथा बिक्री सेवाबाट ७८ अर्ब ९१ करोड ४२ लाख रुपैयाँ भ्याट उठेको छ । ९५ अर्ब २४ करोड ८६ लाख रुपैयाँ उठाउने लक्ष्य थियो । यस्तै, पैठारीबाट १ खर्ब ८५ अर्ब रुपैयाँ उठाउने लक्ष्यमा १ खर्ब २२ अर्ब रुपैयाँ भ्याट संकलन भएको छ ।

अन्तःशुल्कबाट १ खर्ब ३ अर्ब ७ करोड १३ लाख रुपैयाँ उठेको छ । चैतसम्ममा १ खर्ब ५२ अर्ब ६९ करोड ८१ लाख रुपैयाँ उठाउने लक्ष्य लिइएको थियो । आन्तरिक उत्पादनबाट ७९ अर्ब ६६ करोड रुपैयाँ र पैठारीबाट २३ अर्ब ४० करोड रुपैयाँ अन्तःशुल्क उठेको छ । शिक्षा शुल्कबाट १ अर्ब २६ करोड ८१ करोड रुपैयाँ उठेको छ । सरकारले अर्ब १४ करोड रुपैयाँ उठाउने लक्ष्य लिएको थियो ।

२ खर्ब ४६ अर्ब ३७ करोड ५७ लाख रुपैयाँ आयकर उठाउने लक्ष्यमा जम्मा १ खर्ब ७९ अर्ब ६५ लाख रुपैयाँ उठेको छ । ब्याजदरबाट २५ अर्ब २१ करोड २६ लाख रुपैयाँ मात्र उठेको छ । योसँगै कर राजस्वबाट ६ खर्ब १६ अर्ब ११ करोड रुपैयाँ उठेको छ । लक्ष्य ९ खर्ब २७ अर्ब ९० करोड ३६ लाख रुपैयाँको थियो । गैरकरबाट ६७ अर्ब ६८ करोड रुपैयाँ उठेको छ । सरकारले ७० अर्ब ५ करोड रुपैयाँ उठाउने लक्ष्य राखेको थियो । अन्य प्राप्तिबाट ३५ अर्ब ८६ करोड रुपैयाँ उठेको छ ।

**सवा एक खर्ब ऋण सम्झौता**
सरकारले १ खर्ब १४ अर्ब ऋण सहायताका लागि विभिन्न दातृ निकायसँग सम्झौता गरेको र ३७ अर्ब ५२ करोड १० लाख रुपैयाँ अनुदान सहायताको प्रतिबद्धता आएको भए पनि माघदेखि चैतसम्ममा जम्मा १४ अर्ब अनुदान सहायता प्राप्त गर्नेसम्बन्धी सम्झौता भएको जनाएको छ ।

**प्रदेश सरकारका बजेट भन्दा बढी**
सरकारले विभिन्न शीर्षकमा संकलन गरेको राजश्व हेर्ने हो भने एउटै शीर्षकको राजश्वले झण्डै प्रदेश सरकार सञ्चालन गर्न सक्ने राजश्व गिरावट आएको पाइएको छ ।

यसैले सरकार आर्थिक रुपमा शिथिल त बनेकै हो । यसमाथि वैदेशिक ऋण, सहायता र अनुदान पनि स्वात्तै घटदा आर्थिक सन्तुल बिग्रेर समयमा कर्मचारीले तलब नपाउने, पेन्सन उपलब्धतामा ढिलाइ देखिएको हो ।

# 'अनुचित लेनदेन मुद्दामा सरकार कठोर बन्ने'



**मधेशदृष्टि**
**जनकपुरधाम, १७ वैशाख ।**
उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले अनुचित लेनदेन(मिटरब्याज) सम्बन्धी पीडितको न्यायका लागि सरकार निर्ममतापूर्वक अगाडि बढ्ने बताएका छन् ।

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, केन्द्रीय कार्यालयको आइतबार जनकपुरधाममा उद्घाटन गर्दै गृहमन्त्री श्रेष्ठले मिटरब्याज समस्यालाई सामन्तवादको अवशेषको संज्ञा दिँदै यस्तो समस्या समाधान र पीडकलाई कानुनी कठ्घरामा ल्याउन सरकार निर्ममतापूर्वक प्रस्तुत हुने बताए ।

मिटरब्याजीले विभिन्न बहाना, शक्ति र कागजको आधार देखाउँदै शोषण गरिरहेको बताउँदै गृहमन्त्री श्रेष्ठले वर्तमान

- बाँकी पृष्ठ ६ मा

## मधेश प्रहरी चाहियोः मुख्यमन्त्री



मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशमा भ्रष्टाचार मौलाइरहेको स्वीकारेका छन् ।

आइतबार जनकपुरधाममा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगको केन्द्रीय कार्यालय स्थापना कार्यक्रममा उपप्रधान तथा गृहमन्त्री नाराणकाजी श्रेष्ठ प्रकाश सहभागी कार्यक्रममा मुख्यमन्त्री यादवले गृहजिल्लामै आफ्नो खल्तीबाट दुई पटक रकम चोरी भएको बताए ।

उनले प्रदेशमा शान्ति सुरक्षा कायम गर्न र भ्रष्टाचार रोक्न प्रदेश सरकारलाई अधिकारसहित प्रदेश प्रहरी हस्तान्तरण गर्न आग्रह गरे ।

मुख्यमन्त्री यादवले प्रदेशमा भ्रष्टाचार बढिरहँदासमेत सरकार मूकदर्शक बन्नुपरेको बाध्यता बताउँदै भने, 'मधेशका सबै जनता पीडित छन् । यहाँ दिन प्रतिदिन भ्रष्टाचार मौलाइरहेको

- बाँकी पृष्ठ ६ मा

# होटललाई उद्योगसरह मान्यता दिइनेः मन्त्री

*'देशभर ८० हजारका हाराहारीमा रहेका होटल तथा पर्यटन व्यवसायमा लगानीकर्ता र मजदुरसहित आठ लाख व्यक्ति आश्रित रहेकाले तत्काल होटल तथा पर्यटन व्यवसायको प्रवर्द्धनका लागि सरकारले ठोस पहलकदमी लिन व्यवसायीले माग गरे'*



**मधेशदृष्टि**
**वीरगंज, १७ वैशाख ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले होटल व्यवसायलाई उद्योगसरह मान्यता दिलाउन सरकार सकारात्मक रहेको बताएका छन् ।

आइतबार वीरगंजमा होटल तथा पर्यटन व्यवसायीले देशभरका होटल तथा पर्यटन व्यवसायलाई उद्योगसरह मान्यता दिन माग गर्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रिजाललाई ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्र बुझ्दै मन्त्री रिजालले नीतिगत निर्णयका लागि तत्काल प्रक्रिया अगाडि बढाउन उद्योग मन्त्रालयका सचिवलाई निर्देशन दिइने प्रतिवद्धता व्यक्त गरे ।

उनले होटल तथा पर्यटन व्यवसायीले उठाएको मागमा आफू सकारात्मक रहेको र सरोकार राख्ने अन्य

- बाँकी पृष्ठ ६ मा

# प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा लाखौँ हिनामिना

*'प्रदेश जनस्वास्थ्य प्रयोगशालामा पूर्व प्रमुख श्रवणकुमार मिश्रको बग्रेल्ती बदमासी श्रृंखला, अहिले पनि वेबसाइटमा निर्देशकमा उनकै नाम, उनकै आफन्त र नातेदारद्वारा प्रयोगशालामा बदमासी कायमै'*

**मधेशदृष्टि**
**जनकपुरधाम, १७ वैशाख ।**
मधेश प्रदेश सरकार मातहतमा रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा कर्मचारीमार्फत आर्थिक अनियमितता भएको खुलेको छ । प्रयोगशालाका पूर्व प्रमुख श्रवणकुमार मिश्र र लेखा अधिकृतले कर्मचारीमार्फत आर्थिक अनियमितता गर्दै आएका हुन् । ल्याब चेकजाँचबापत सेवाग्राहीबाट लिइने शुल्कमध्ये मंसिर र पुसको १२ लाख रुपैयाँभन्दा बढी रकम बैंकमा जम्मा नगरी अनियमितता भएको पाइएको हो ।

तत्कालीन प्रमुख मिश्र र लेखा अधिकृत अमरदीप महतोको मिलोमतोमा करारका ल्याब कर्मचारी हरिगोपाल शर्मा र कार्यालय सहायक सरोज नायकले रकम अनियमितता गरेका हुन् । ल्याब कर्मचारी शर्मा तत्कालीन कार्यालय प्रमुख मिश्रका सालो हुन् । कार्यालय सहयोगी नायकले ६ लाख ७० हजार र शर्माले ६ लाख ४६ रुपैयाँ अनियमितता गरेको बताइएको छ ।

कार्यालय प्रमुख मिश्र सरुवा भइसके पनि कार्यालय सहयोगी नायकले कर्मचारी उमेश चौधरीलाई खेतमा काम समेत गराएको बुझिएको छ । कर्मचारीबाट राजश्वबापतको रकम प्रमुख मिश्र र लेखा अधिकृत महतोले विभिन्न बहानामा लिइएका थिए । माघमा रकम बैंकमा जम्मा नगरिएको खुलेपछि घटना बाहिर आएको हो । कर्मचारीमध्ये कार्यालय सहयोगी नायकले केही रकम लेखा अधिकृत महतोलाई बुझाइसके पनि रकम बैंक खातामा जम्मा गरिएको छैन ।




यति मात्र होइन मिश्र कार्यरत रहेका बेला कर्मचारीका लागि आएको आवास सुविधाबापतको रकमसमेत अनियमितता भएको बुझिएको छ । मिश्रले कर्मचारी आवास सुविधाबापत घर भाडाका लागि आएको लाखौं रुपैया हिनामिना गरेका हुन् । कर्मचारीलाई घरभाडाबापतको रकम नदिई अनियमितता गरेको बताइएको छ ।

- सेवाग्राहीको मंसिर र पुसको १२ लाख हिनामिना
- साला लेखापाल र अरु नातेदार कर्मचारी
- कोरोनाकालमा १५ दिनको टेण्डर निकालेर बदमासी
- ४० पालिकाका प्रयोगशालाका शिलालेखमा मिश्रकै नाम

कोभिड १९ संक्रमणका बेला आर्थिक वर्ष २०७८/७९ मा करोडौं रुपैयाँ बराबरको ल्याब उपकरण र किटसहितका केमिकल सामग्री आकस्मिक भएको जनाउँदै १५ दिने टेन्डर निकालेर कमिसनका आधारमा तीन महिनापछि लिइएको हो । स्रोत भन्छ, 'टेन्डर १५ दिनको निकालियो, तर सामग्री तीन महिनापछि बुझाउने क्रम सुरु भयो, अहिलेसम्म टेन्डरका सामान कार्यालयमा आइरहेका छन् ।'

फागुन महिनामै सरुवा भएका मिश्रले अझै कार्यालय प्रमुखका रुपमा कार्यालयको गाडी प्रयोग गरिरहेका छन् । कार्यालयको मोबाइल, कार्यालय प्रमुखको आवास, भान्सेलगायतका सुविधा निर्बाध प्रयोग गरिरहेका छन् । आधा दर्जन बढी संख्यामा आफन्तलाई करार कर्मचारीमा नियुक्त गरेका छन् । उनी बढुवा भएपछि कोशी प्रदेशमा सरुवा भए । तर त्यहाँ एक साता पनि नबसी मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा हाजिर भएको बुझिएको छ । मिश्रले प्रयोगशाला निर्देशकका रुपमा विभिन्न पालिकामा स्थापना भएको प्रयोगशाला उद्घाटन हुने कार्यक्रममा आफ्नो नामको शिलालेख लगाउन लगाउँदै आएका छन् ।

४० वटा पालिकास्तरीय प्रयोगशालाको शिलालेखमा आफ्नो नाम लेखाएका छन् । मिश्र सरुवा भए पनि हालसम्म प्रयोगशाला निर्देशकका रुपमा वेबसाइटमा उनकै नाम छ ।

मिश्रले भाइ सिताशरण मिश्र, नातेदारहरु धीरेन्द्र मिश्र र अमरेन्द्र मिश्रलाई कार्यालय सहयोगीमा नियुक्त गरी एकैपटक महिनाको हाजिर गराई तलब दिने गरेको पाइएको छ । उनले सालो हरिगोपाल शर्मा, भाञ्जी अर्चना ठाकुर र सालोकी श्रीमतीलाई कम्प्युटर अपरेटर पदमा नियुक्त गरेका थिए । उनीहरुमध्ये हाल केही कर्मचारी कार्यालय आउन छाडेका छन् । त्यसमध्ये कम्प्युटर अपरेटरहरु कोही पनि आउँदैनन् । उनीहरुले राजीनामासमेत गरेका छैनन् । नवौं तहमा करारमा रहेका दीपेन्द्र मिश्र गत स्थानीय चुनावमा पिपरा गाउँपालिकामा वडाअध्यक्षमा चुनाव लडे । चुनावमा पराजित भएपछि उनको नियुक्ति कायम राखेर ड्युटी गरिरहेका छन् ।

संध्याकालिन सेवा ५:00 बजे देखि ६:30 बजे सम्म र
शुक्रवार ३:00 बजे देखि ५ :00 बजे सम्म
होलिडे बैकिङ्ग सेवा ११:30 बजे से १ :30 बजे सम्म (विदाको दिन)

बचत तथा मुद्दतीमा सर्वाधिक उच्च ब्याज दिने
मधेश प्रदेशको एक मात्र विकास बैंक
कर्पोरेट डेभलपमेण्ट बैंक लि.
सम्पर्क नं. ०५१-५३१०३१
Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

# विद्यार्थीहरुले जलाए मेयर साहको पुत्ला

**मधेशदृष्टि**
**जनकपुरधाम, १७ वैशाख ।** जनकपुरधामको भानु चौकमा आदिकवि भानुभक्त आचार्यको स्मारक पुनः निर्माण गर्न लागिएको विरोधमा युवा विद्यार्थी मोर्चाले जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहको पुत्ला दहन गरेका छन् । जनकपुरधामको भानु चोकमा भानुक्तको स्मारक निर्माण नगरी मधेश आन्दोलनका शहीद रमेश महतोको स्मारक निर्माण हुनुपर्ने माग गर्दै मोर्चामा आवद्ध विद्यार्थी नेताहरुले नगरप्रमुख साहको तस्बिर जलाएका हुन् ।



शनिबार जानकी नवमीको अवसरमा जनकपुरधाम उपमहानगरपालिकाले विरोध र विवादकाबीच कडा सुरक्षाका बीच स्मारकको शिलान्यास गरेको थियो । मधेश केन्द्रित विभिन्न ४ दलसँग आबद्ध भातृ संगठनहरुले सो ठाउँमा शहीद महतोको स्मारक हुनुपर्ने माग गर्दै आएका छ्न । विगतमा भानुचोकमा भानुभक्तको स्मारक रहेकोमा मधेश आन्दोलनको क्रममा आन्दोलनकारीहरुले सो स्मारक भत्काएका थिए । भानुभक्तको प्रतिमा भत्याइएपछि जनकपुरधाममा भएको सडक विस्तारमा बाँकी रहेको स्मारक समेत भत्काइएको थियो । लोकतान्त्रिक युवा संघ धनुषाका अध्यक्ष प्रशान्त झाले आफूहरुलाई भानुभक्त आचार्यसँग कुनै द्वेषभाव नरहेको बताए । उनले भने, 'भानुभक्तप्रतिको हाम्रो सम्मान पहिला पनि थियो र सदैव रहिरहने छ । तर, मधेस आन्दोलनको क्रममा शहिद रमेश महतो नामाकरण गरिएको चौकमा पुनः भानुभक्त आचार्यको स्मारक राख्नु मधेस आन्दोलन तथा सहिदप्रतिको सम्मानमा ठेस पुगेकाले हामीले विरोध गरेका हौं ।'

उनले नगरप्रमुख साहले वार्तामार्फत यस समस्याको समाधान गर्ने बताएपनि वार्ताको वातावरण अझै नबनाएको आरोप लगाएका छन् । जनकपुरधाम उपमहानगरपालिकाले स्मारक निर्माणका लागि करिब साढे २० लाख रुपैयाँ विनियोजन गरेको हो । उक्त स्मारक निर्माण गर्न प्रभु जालानको अध्यक्षतामा उपभोक्ता समिति समेत गठन गरिएको छ ।

# मन्त्री र रजिष्ट्रारलाई महासंघले बुझायो १३ बुँदे माग

**मधेशदृष्टि**
**जनकपुरधाम, १७ वैशाख ।** राष्ट्रिय सहकारी महासंघको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री र सहकारी विभागका रजिष्ट्रारलाई सहकारी समस्या समाधान संयोजन समितिले १३ बुँदे मागपत्र बुझाएको छ ।



आइतबार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री माननिय रञ्जिता श्रेष्ठ चौधरीलाई महासंघका वरिष्ठ उपाध्यक्ष तथा समस्या समाधान संयोजन समितिका संयोजक ओमदेवी मल्लले ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापन पत्र बुझाउँदै अहिलेको विषम परिस्थितलाई ध्यानमा राखेर समस्या समाधान गर्न सरकारको ध्यानाकार्षण गराइएको समस्या समाधान संयोजन समितिका संयोजक ओमदेवी मल्लले बताए ।

मन्त्री चौधरीले मागहरुका विषयमा आफु सकारात्मक रहेको बताउँदै भने, 'म यहाँहरुको मागहरुको विषयमा गम्भिर भएर अध्ययन गर्दछु । म सकारात्मक छु । मागहरु पुरा गर्नका लागि सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।'

वरिष्ठ उपाध्यक्ष मल्लले १५ दिन भित्र माग पुरा नभएको खण्डमा बाध्य भएर सडक संघर्षमा जानुपर्ने अवस्था सिर्जना हुने चेतावनी समेत दिए ।

उनले जेठ २ सम्म पनि माग पुरा नभए सडक संघर्षका कार्यक्रमहरु घोषणा गरेर आन्दोलनमा जाने बताए । त्यसैगरी आइतबार नै महासंघका वरिष्ठ उपाध्यक्षको नेतृत्वमा गएको टोलीले सहकारी विभागका रजिष्ट्रार नमराज घिमिरेलाई समेत मागपत्र बुझाएको थियो ।

रजिष्ट्रार घिमिरेले अभियानसँग सहकार्य गरेरै समस्या समाधानमा आफु लागिपर्ने बताए । उनले भने, 'मेरो क्षेत्रअधिकारभित्र पर्ने कुरा आजको मितिबाट नै पुरा गर्न शुरु हुन्छ ।' सहकारीकर्मीको टोलीमा महासंघका संचालकहरु डिवी बस्नेत, सागर ढकाल, टेकप्रसाद चौलागाई, सहकारी बैंकका संचालकहरु रामहरी बजगाई, मनोज थापा सहितको सहभागिता रहेको थियो ।

त्यसैगरि बागमती प्रदेश सहकारी संघका अध्यक्ष रामशरण शर्मा घिमिरे, जिल्ला सहकारी संघ काठमाडौंका सचिव बालकुमार बास्तोला लगायतको उपस्थिति रहेको थियो ।

मागपत्रमा सहकारी अभियानप्रति लक्षित भएका भ्रामक गतिविधि र कार्यहरु विरुद्ध आवश्यक कार्वाही गर्दै जनस्तरमा सकारात्मक सन्देश प्रवाह हुने कार्यक्रम तत्काल गर्नुपर्ने, व्यक्तिगत बचतको सिमा २५ लाख तोक्ने गरि सहकारी ऐन संशोधन गर्न बनेको विधेयकको दफा तत्काल खारेज गर्नुपर्ने, बजार अनुसार सन्दर्भ ब्याजदर निर्धारण हुने स्वचालित प्रणालीको व्यवस्था गर्नुपर्ने उल्लेख छ ।


त्यसैगरि तरलता समस्या समाधानका लागि राष्ट्रिय सहकारी बैंकमार्फत परिचालन हुने सहुलियत ब्याजदरमा ३ बर्षसम्मका लागि १० अर्ब रकम उपलब्ध गराउनुपर्ने लगायतका माग गरिएको छ ।

त्यसैगरि सहकारी सघ/संस्थाहरु निर्वाध रुपमा संचालन गर्न तत्काल नेपाल सरकार गृह मन्त्रालयमार्फत ७७ वटै जिल्ला प्रशासन कार्यालयमा सुरक्षा सम्बन्धी परिपत्र जारी गर्नुपर्ने र सहकारी संघ/संस्थामार्फत कृषि, पशुपंक्षि, उद्योग, कलकारखाना, जलविद्युत, पर्यटन, विमा, स्वास्थ्य सेवालगायतका व्यवसाय संचालन गर्न अन्तरसम्बन्धित ऐनहरु संशोधन गर्नुपर्ने माग गरिएको छ ।

यसैगरी आइतवार नै सातवटै प्रदेशमा समेत मागपत्र बुझाउने कार्यक्रम रहेको छ । मधेस प्रदेशमा महासंघका संचालक रामबावु यादवको नेतृत्वमा, गण्डकी प्रदेशमा संचालक हुमा कुमारी जि.सीको नेतृत्वमा ज्ञापन पत्र बुझाइएको छ ।

# बिना दर्ता निजी विद्यालयको अनुगमन सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम, १७ वैशाख ।** जनकपुरधाम उपमहानगरपालिका क्षेत्र भित्र बिना दर्ताका निजी विद्यालयहरु संचालन भइरहेको चौतर्फी आवाज उठिरहेको बेला संस्थागत विद्यालय संरक्षण समितिले अनुगमन सुरु गरेको छ ।




नयाँ शैक्षिक सत्रको सुरुवातमा बिना दर्ता नै कक्षाहरु संचालन भईरहेको तथा दर्ता भन्दा बढी कक्षा सम्मको विद्यार्थीहरुलाई कक्षा संचालन गईरहेको गुनासो बढेपछि आइतवारदेखि अनुगमन सुरु गरिएको समितिका संयोजक अवधेश तिवारीले बताएका छन् । संयोजक अवधेश तिवारीको संयोजकत्वमा भएको उक्त अनुगमनका क्रममा जनकपुरधाम १ वकिल टोलमा रहेको स्मार्ट एजसकेशन एकेडमी स्थानीय तहको अनुमती बिना नै पाँच कक्षासम्म संचालनमा रहेको पाइएको छ ।

सो विद्यालयका प्रधानाध्यापक रमेशकुमार शर्माले विगतमा संचालनमा रहेको त्रिमूर्ति मोन्टेशरी स्कुलको शेयर खरिद गरी नाम परिवर्तन गरेर संचालन गरेको अनुगमन टोलीलाई जानकारी गराएका छन् ।

तत्कालिन जिल्ला शिक्षा कार्यालय धनुषाले २०७४ असार ३० गते जनकपुरधाम ८ मा संचालन गर्न भनि त्रिमूर्ति मोन्टेसरी स्कुल संचालनको अनुमति दिइएकोमा जनकपुरधाम उपमहानगरपालिकासँग नाम तथा ठाउँसारीको अनुमति नै नलिई संचालन गरिरहेको पाइएको संयोजक तिवारीले जानकारी दिए । त्यस्तै, जनकपुरधाम ७ जानकी नगरमा संचालनमा रहेको नाइटिङगेल स्कुल बिना दर्ता कक्षा ८ सम्म संचालनमा रहेको पाइएको छ । सो विद्यालय बाहिर नाइटिङगेल एजुकेशन एकेडमी र भित्र भगवती आदर्श विद्या मन्दिर नामको बोर्ड झुण्डाएर संचालनमा गर्दै आएको पाइएको संयोजक तिवारीले बताए ।

सो विद्यालयका तर्फबाट ललेन्द्र साहले पुरानो भगवती आदर्श विद्या मन्दिरको नाममा विद्यालय संचालनमा रहेपनि नाइटिङगेल एजुकेशन एकेडमीको नाम परिवर्तनको प्रक्रिया सुरु गरेकाले वोर्ड लगाइएको प्रतिक्रिया दिएका छन् । भगवती आदर्श विद्या मन्दिरको नाममा रहेको विद्यालय कक्षा ६ सम्ममात्र अनुमती लिएर कक्षा ८ सम्म पढाईरहेको छ ।

यता, संस्थागत विद्यालय संरक्षण समितिका संयोजक तिवारीले बिना दर्ताको नाइटिङगेल एजुकेशन एकेडमीलाई तत्काल बन्द गर्न जनकपुरधाम उपमहानगरपालिकालाई आग्रह गरेको छ । उनले बिना दर्ता संचालित रहेको विद्यालयलाई सांगठनिक कारवाही गर्न समेत संस्थागत विद्यालय संरक्षण समितिले आग्रह गरेको छ ।

यी अनुगमन नियमित रुपमा संचालनमा रहने र बिना दर्ता संचालनमा रहेको विद्यालय, अनुमति पाएको भन्दा बढी कक्षा सचालन गरेको, बिना टिसी विद्यार्थी भर्ना गरेका तथा सामुदायिक विद्यालयमा नाम दर्ता भएका विद्यार्थीलाई पढाईरहेको संस्थागत विद्यालयहरुलाई कारबाहीको दायरामा ल्याउने संयोजक तिवारीले बताए ।

सो अनुगमनमा समितिका सहसंयोजकद्वय रविन्द्र चौधरी, सुजित कुमार मिश्र, प्याब्सनका पुर्व धनुषाका अध्यक्ष विश्वलाल सिंह, प्रमोद अग्रवाल, आशिष झा, डिके चौधरी, दिपक ठाकुर लगायतका संस्थागत विद्यालयका संचालकहरुको सहभागिता रहेको थियो ।

## जनकपुरधाम डायरी — मधेशदृष्टि

# कृषिसम्बन्धी योजनामा सहयोग



**जनकपुरधाम ।** आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम बमोजिम प्रदेश सरकारको बजेट सिलिङमा पर्न नसकेका योजनाहरुमा सहयोग गर्न मधेश प्रदेश भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले संघीय कृषि मन्त्रालयलाई आग्रह गरेको छ ।

आइतवार संघीय कृषि मन्त्री माननीय डा'. बेदुराम भुसाल मार्फत प्रदेशका श भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्री बसन्त कुशवाहाले आवश्यक सहयोगका लागि मन्त्रालयमा योजना सहितको विवरणमा बुझाएका छन् । करीब ६ अर्ब ७ करोड रुपैया बराबरको योजना कार्यक्रम संघीय कृषि मन्त्रालय अन्तर्गत समावेश गर्न परियोजनाको बिवरण बुझाइएको मन्त्री कुशवाहाले जानकारी दिएका छन् । उनले भने प्रदेशमा कृषि सम्बन्धी धेरै काम गर्नुपर्ने रहेको छ । तर प्रदेश सरकारको समिति बजेटले भ्याउन नसक्दा त्यसमा सहयोग गरिदिन संघीय सरकारलाई आग्रह गरेको छु ।

मधेश प्रदेश कृषिको अन्न भण्डार खाली भाषणमा हैन्, माँग अनुसारका कार्यक्रम बजेटमा समावेश गराई कार्यक्रम कार्यान्वयन र समन्वय गर्न संघीय कृषि मन्त्रीज्यूलाई अनुरोध गरिएको उनले बताए ।

# चेम्बर अफ कमर्सको नयाँ कार्यसमिति गठन



**जनकपुरधाम ।** धनुषा चेम्बर अफ कमर्सको नयाँ कार्य समिति गठन गरिएको छ । चेम्बर्सको आइतवार बसेको बैठकबाट सर्वसम्मति धनुषाको २५ सदस्यीय नयाँ कार्यसमितिसहित गठन गरिएको हो । नयाँ कार्यसमितिमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष सहितका पुरानैलाई निरन्तरता दिइएको छ । नवगठित कार्यसमितिको अध्यक्षमा विजकुमार साह, वरिष्ठ उपाध्यक्षमा सरोज मिश्र, उपाध्यक्षमा हीरा पुर्वे, सलामत राईन, सचिवमा विजय साह, कोषाध्यक्षमा उज्जवल अग्रवाल पुनः चयन भएको छ । महासचिवमा कृष्णदेव महतो, सह सचिवमा दिपनारायण साह र सह कोषाध्यक्षमा जानकी रमण झा र एसोसिएट सदस्यमा श्रवणकुमार साहलाई चयन गरिएको छ ।

त्यस्तै सदस्यहरुमा बिनोद कुमार साह, शंकर प्रसाद साह, राजूकान्त कापड, मिथिलेश झा, जितेन्द्र प्रसाद साह, चेतन शर्मा, दीपेन्द्र ठाकुर, ध्रुव कुमार साह, राजेश कुमार यादव, मुकेश महासेठ, बिट्ठू कुमार चौधरी, श्रवण कुमार महतो, नवीन कुमार झा । बिकास कुमार साह र उमेश कुमार साह सहितका चयन भएका छन् ।

# आजपाको चुनावी समीक्षा सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज, १७ वैशाख ।** आम जनता पार्टीले आइतबार बारामा चुनावी समीक्षा कार्यक्रम सम्पन्न गरेको छ ।

बारा क्षेत्र नम्बर २ मा सम्पन्न भएको उपनिर्वाचनमा पार्टीले प्राप्त गरेको जनमत र आगामी कार्य दिशाका सम्बन्धमा चुनावी समीक्षा बैठक सम्पन्न भएको हो ।

बैठकमा पार्टीका केन्द्रीय अध्यक्ष प्रभु साहको सहभागितामा सम्पन्न बैठकले बाराको उपनिर्वाचनमा आम जनता पार्टीको प्रदर्शन साहसिक एवं सराहनिय रहेको




निष्कर्ष निकाल्दै चुनावमा आम जनता पार्टीलाई विश्वास गरी मतदान गर्ने मतदाताहरुप्रति आभार व्यक्त गरिएको पार्टीका केन्द्रीय अध्यक्ष प्रभु साहले जानकारी दिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# प्रधानमन्त्री भेटे लामिछानेले

**मधेशदृष्टि**
**काठमाडौँ, १७ वैशाख ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले भेटवार्ता गरेका छन् ।



प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको भेटमा मुलुकको समसामयिक राजनीतिक अवस्थाबारे कुराकानी भएको रास्वपाका उपसभापति डोलप्रसाद अर्यालले जानकारी दिए । उनका अनुसार रास्वपाको सरकारप्रतिको धारणा बुझ्न प्रधानमन्त्री दाहालले रास्वपा नेतृत्वसँग छलफल गरेका हुन् ।
'अहिलेको समसामयिक राजनीतिक विषयमा कुराकानी भयो, हाम्रो पार्टीको भोलि केन्द्रीय समिति र संसदीय दलको बैठक पनि बस्दैछ, सोही सन्दर्भमा सरकारप्रति पार्टीको धारणा बुझ्न पनि प्रधानमन्त्रीले सभापतिसँग छलफल गर्नुभएको हो,' उपसभापति अर्यालले भने । भेटमा प्रधानमन्त्री दाहालले उपनिर्वाचनबाट सांसद पदमा निर्वाचित भएकामा सभापति लामिछानेलाई बधाई दिएका थिए ।

## सोमबार रास्वपाको बैठक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को केन्द्रीय कार्यसमिति र संसदीय दलको बैठक सोमबार बस्ने भएको छ । पार्टी उपसभापति डोलप्रसाद अर्यालले संसदीय दलको नेताबाट शनिबार राजीनामा दिएपछि रिक्त स्थान पूर्तिका लागि संसदीय दलको बैठक तय गरिएको हो ।
साथै पछिल्लो राजनीतिक परिस्थितिबारे पार्टीको धारणा तय गर्न केन्द्रीय समितिको बैठक पनि आह्वान गरिएको पार्टीले जनाएको छ ।
केन्द्रीय कार्यसमिति र संसदीय दलको बैठकबारे रास्वपाले शनिबार जुम मिटिङ गरी जानकारी दिएको थियो । सोमबार बिहान ११ बजे केन्द्रीय समितिको बैठक र दिउँसो ३ बजे संसदीय दलको बैठक बोलाइएको पार्टी उपसभापति डोलप्रसाल अर्यालले जानकारी दिए ।

# बालिकालाई ध्यानमा राखेर कार्यक्रम

**मधेशदृष्टि**
**जनकपुरधाम, १७ वैशाख ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बालिकालाई ध्यानमा राखेर प्रदेश सरकारले थुप्रै अभियान र कार्यक्रमहरू सञ्चालन गर्दै आएको बताएका छन् ।



जनकपुरधाममा आइतबार महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालयद्वारा आयोजित मधेश बालिका सम्मेलन कार्यक्रममा मुख्यमन्त्री यादवले आगामी दिनमा पनि बेटी पढाउ बेटी बचाउ, छोरी शिक्षा बिमा लगायत बालिका सशक्तीकरणका योजनालाई निरन्तरता दिइने बताए ।उनले भने, 'म आफनो बाल्यकाल सम्झिन्छु, केही मात्र छात्रा साथीहरु हेर्थें, त्यसमा पनि धेरैको विवाह पढ्दै गर्दा भइहाल्थ्यो ।' २०३० साल सम्ममा बालविवाह अन्त्यको लक्ष्य दिइएको बताउँदै उनले वैशाख १७ गते मधेशमा बाल विवाहविरुद्धको दिवसका रुपमा मनाउन मन्त्रिपरिषदले निर्णय गर्ने बताए । कार्यक्रममा मधेशका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महेशकुमार यादवले मधेशका छोरीलाई उच्च शिक्षासम्म अध्ययनको वातावरण बनाउन आफूहरू प्रतिबद्ध रहेको बताए । उनले मधेशलाई साक्षर प्रदेश बनाउने प्रण लिएर आफूले विभिन्न योजना ल्याएर काम गरिरहेको जानकारी दिए । कार्यक्रममा सहभागीले बालिका लक्षित हाल सञ्चालनमा रहेका कार्यक्रम, यसका उपलब्धि, चुनौती र आगामी योजनाबारे चर्चा गरेका थिए ।

# कमला नदीको किनारमा सुन्दर काण्ड पाठ



**मधेशदृष्टि**
**जनकपुरधाम, १७ वैशाख ।**
जानकी नवमीको दोस्रो दिन धनुषाको पोरताहा नजिक कमला नदी किनारमा हनुमान चालिसा तथा सुन्दरकाण्ड पाठको आयोजना गरिएको छ ।
जानकी मन्दिरका उत्तराधिकारी महन्त रोशनदास वैष्णवको नेतृत्वमा सयौं सन्त र भक्तजनले कमला स्नान पश्चात कमला किनारमा हनुमान चालिसा र सुन्दरकाण्ड वाचन गरिएको थियो । जानकी मन्दिरका उत्तराधिकारी महन्त रोशनदास वैष्णवले प्रत्येक वर्ष जानकी नवमीको दोस्रो दिन अर्थात दसवींको दिन कमला नदीको किनारमा यस्तो कार्यक्रम हुने जानकारी दिए। उनले कमला सीताकी सखी हुन भनी शास्त्रमा वर्णित रहेको बताए ।
कमला उद्धार अभियानका संयोजक विक्रम यादवले अतिथिहरुलाई स्वागत गरेका थिए । कमला नदीमा वैशाख र जेठमा प्रशस्त पानी पर्ने गरेको छ संयोजक यादवले भने, 'आज कतै पानी छैन, माटोले भरिएको छ' । नेपालको सिन्धुली , धनुषा, सिरहा, भारत बिहारको मधुबनी , दरभंगा,सुपौल,समस्तीपुरवासीका लागि कमला नदी किसानका लागि वरदान रहेको बताउदै उनले भने, 'आज कमला खोला माटोले बाढी आएको छ। जसका कारण कृषकले सिँचाइ गर्न पाएका छैनन् ।यसको अस्तित्व जोगाउन दुवै देशका सरकारले पहल गर्नुपर्नेछ' । कार्यक्रममा सोनी चौधरी, युगल प्रिया, निकुञ्ज मञ्जरी चञ्चला, स्वामिनी गायिकाले आफ्नो सुमधुर स्वरमा सुन्दर काण्ड वाचन गरेका थिए । यस कार्यक्रममा कथाकार राघवशरण जी महाराज (जानकीघाट अयोध्या), कथाकार सुनिता शास्त्री (जबलपुर), रामगोविन्द दास (कटरा अयोध्या) लगायतका महानुभावहरुको उपस्थिति रहेको थियो ।

# सिरहामा पारा मेडिकल

**मधेशदृष्टि**
**सिरहा, १७ वैशाख ।**
सिरहा नगरपालिकाका नगर प्रमुख डा. नवीन कुमार यादवले स्वास्थ्य क्षेत्रलाई लक्षित गरेर विशेष प्रकारका कार्यकाम ल्याउन लागेको बताएका छन् ।



आर्या फर्मा ल्याबको आयोजनामा सिरहा सदरमुकाममा सम्पन्न एकदिने पारा मेडिकल कार्यक्रममा मेयर यादवले स्वास्थ्य क्षेत्रलाई प्रभावकारी बनाउन बजेटसहितको विशेष कार्यक्रम ल्याइने बताएका हुन् ।
विपन्न लक्षित गर्न स्वास्थ्य सुधारका कार्यक्रममा सहयोग गरिदिन उनले आग्रह गरे । नगरपालिकाले स्वास्थ्य क्षेत्रको सुधारका कार्यहरूमा फर्मले उत्पादन गर्दै आएको वस्तु तथा सेवालाई प्राथमिकतामा राख्ने उनले प्रतिवद्धता जनाए ।
कम्पनीका महाप्रबन्धक विकास बराल, विवेकानन्द भुडेर, दिलीप कुमार पटेल लगायतले कम्पनीको उत्पादित औषधि र सेवाबारे मन्तव्य तथा डेमो प्रस्तुति दिएका थिए ।
साथै सो डेमो तथा प्रस्तुतिमाथि सहभागिहरुले सबाल जवाफ गरेका थिए । कार्यक्रममा सिरहा र सप्तरीका औषधि पसल, हेल्थ केयर, किल्निक सञ्चालक तथा डाक्टरहरूको सहभागिता रहेको थियो ।

# संघको अध्यक्षमा मैनाली

**मधेशदृष्टि**
**हेटौँडा, १७ वैशाख ।**
मकवानपुर घर जग्गा व्यवसायी संघको अध्यक्षमा कमलराज मैनाली निर्बाचित भएका छन् ।



संघको आइतवार सम्पन्न चौथो साधारणसभा तथा दोस्रो अधिवेसनबाट मकवानपुर घर जग्गा व्यवसायी संघको अध्यक्षमा मैनाली निर्वाचित भएका हुन । त्यसैगरि संघको उपाध्यक्षत्रयमा पबन तिमल्सिना,राजकुमार बानियाँ र इवाकर मैनाली चयन भएका छन् भने महासचिवमा शम्भु पुडासैनी,सचिवमा बिजय गौतम,कोषाध्यक्षमा कृष्ण प्रसाद चौलागाई र सह कोषाध्यक्षमा दिपेन्द्र यादव चयन भएका छन् । त्यस्तै संघका सदस्यहरुमा गणेश भ्लोन,संजिब नेपाल,राजकुमार थिङ्ग,राजकुमार बास्तोला र शंकर राउत चयन भएको संघका नवनिर्वाचित अध्यक्ष मैनालीले जनाएका छन् ।

# अढाइ सय क्षयरोगका बिरामी

**मधेशदृष्टि**
**सर्लाही, १७ वैशाख ।**
लालबन्दी नगरपालिकामा करिब अढाइ सय क्षयरोगी फेला परेका छन् । सत्र वडा रहेको नगरपालिकामा दुई सय ५४ क्षयरोगी फेला परेका नगर स्वास्थ्य शाखाका प्रमुख मुमताज मिक्रानीले जानकारी दिए ।
उनका अनुसार नगरपालिकामा गत आर्थिक वर्ष २०७८/७९ मा एक सय ५७ र चालु आव २०७९/८० को हालसम्म ९७ गरी दुई सय ५४ जना क्षयरोगका बिरामी फेला परेका हुन् ।
नगरभित्र क्षयरोगीका बिरामीको खोजतलास भइरहेको साथै हालसम्म फेला परेका क्षयरोगका बिरामीले नियमित औषधि सेवन गरिरहेका नगर स्वास्थ्य शाखाले जनाएको छ ।

# डाक्टरको कोठामा स्टाफ नर्स झुण्डिइन्

**मधेशदृष्टि**
**काठमाडौँ, १७ वैशाख ।**
काठमाडौँको वीर अस्पतालमा कार्यरत स्टाफ नर्स अनुमा श्रेष्ठ काठमाडौँ महानगरपालिका-१६ बोहराटारस्थित एकजना चिकित्सकको कोठामा मृत भेटिएकी छिन् ।
जिल्ला प्रहरी परिसर काठमाडौँका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार शनिबार अपराह्न घटना भएको हो । घटनाबारे प्रहरीलाई ४ बजे खबर भएको तर हालसम्म शव घटनास्थलमै रहेको प्रहरीको भनाइ छ ।रिजालले कोसी अस्पतालमा कार्यरत डा सुजन ढकालको कोठामा नर्स मृत भेटिएको जानकारी दिए । घटनास्थलमा सुसाइट नोट फेला परेको र त्यसमा बाँच्न मन नभएको उल्लेख भएको प्रहरीले जनाएको छ । प्रहरीले आपसी सम्बन्धका कारण घटना भएको हुनसक्ने अनुमान गरेको छ । श्रेष्ठका परिवारले डा. ढकालका परिवारविरुद्ध आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता गरेका छन् । श्रेष्ठ ढकालको कोठामा झुण्डिएकी हुन् ।

# मधेश डायरी

मधेशदृष्टि

## छिपरमाईमा शिक्षक आन्दोलित

**वीरगंज** । नेपाल शिक्षक महासंघ छिपहरमाई गाउँपालिका पर्साले विभिन्न १० सूत्रीय माग राखी आइतबारबाट चरणवद्ध आन्दोलन सुरु गरेको छ । गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयमा माघ महिनामा सञ्चालन भएको दिवा खाजा खर्च रकम फर्स्यौट, नयाँ शैक्षिक सत्र २०८० देखि नै नियमित दिवा खाजाको कार्यक्रम सञ्चालन, माविका स्वयम्सेवक शिक्षकको तलबभत्ता व्यवस्था, प्लस टु र प्राविधिक विद्यालयमा कम्प्युटर इन्जिनियरको कक्षा सञ्चालनका लागि सहयोग, शिक्षकको पोशाक भत्ता अविलम्ब व्यवस्था, सशर्त अनुदानमा नियुक्त शिक्षकलाई निरन्तरतालगायतका १० सूत्रीय माग राखी आइतबारबाट चरणवद्ध आन्दोलनमा उत्रिएको संघका केन्द्रीय सचिव तीर्थराज यादवले जानकारी दिए ।



## बिजक भन्दा बढी सामान भेटियो

**वीरगंज ।** पर्सा प्रहरीले बिलबिजक भन्दा बढी औषधी तथा खुद्रा मालवस्तु बोकेको ट्रक नियन्त्रणमा लिएको छ । प्रहरीले वीरगंज-८ घण्टाघरस्थित सडकखण्डबाट ना ४ ख ८७४० नम्बरको मालबाहक ट्रक नियन्त्रणमा लिएको हो ।
विलबिजक भन्दा बढी विभिन्न किसिमका औषधी तथा खुद्रा मालवस्तु बोकेको ट्रक वीरगंजबाट रुपन्देही जाँदै गरेको सूचनाका आधारमा शुक्रबार ट्रक चेकजाँचका लागि घण्टाघर चोकबाट नियन्त्रणमा लिइएको थियो । चेकजाँचक्रममा बिलबिजक शंकास्पद देखिएपछि बरामद ट्रकसहित सामानको ६२ लाख ८ हजार ५ सय ९३ रुपैयाँ मूल्यांकन गरी थप अनुसन्धान तथा कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको पर्साका प्रहरी प्रवक्ता डिएसपी निर्मल बुढाथोकीले जानकारी दिए ।

## आगलागीमा दुईलाखको क्षति

**सप्तरी** । राजगढ गाउँपालिका वडा नम्बर ६ स्थित फकिरामा आइतबार आगलागी हुँदा दुईलाख रुपैयाँ बराबरको क्षति भएको छ । स्थानीय फुल महम्मद मन्सुरीको घरमा आगलागि हुँदा जस्ताको छाना, बाँसको टाटी बेरा भएको घर र घरभित्र रहेका लत्ता कपडा, अन्नबाली, खाट र कुखुराको खोर जेलेर नष्ट भएको हो । आगलागीबाट दुईलाख रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता नरेशकुमार सिंहले बताए ।

## अदालतमा कानुन व्यवसायीको धर्ना

**सप्तरी** । कानुन व्यवसायीले आइतबार ८ बुँदे माग राखेर राजविराजस्थित जिल्ला अदालतको मूलगेटमा १ घण्टा धर्ना दिएका छन् । प्रधानन्यायाधीश नियुक्ति, स्वतन्त्र न्यायपालिकाको रक्षा, पूर्ण स्वचालित पेशी प्रणाली लागु, न्यायालयभित्रको भ्रष्टाचार, विकृति, विसंगति अन्त्य, सबैतहको अदालतमा रिक्त न्यायाधीश नियुक्ति, संसदीय सुनुवाइ समितिको गठन, संवैधानिक परिषद् बैठक बोलावट र संवैधानिक दायित्व पूरा गर्न माग राखदै उनीहरु धर्ना बसेका हुन् । यसअघि पनि १ सय ९ दिनसम्म आन्दोलन गरिएको बार एसोसिएसन सप्तरीका पूर्वअध्यक्ष डोमन साहले जानकारी दिए। उनले नेपाल बारको आव्हानमा देशैभर पहिलो चरणमा एक सातासम्म अदालतको गेटमा धर्ना बस्ने कार्यक्रम तय गरिएको र माग पूरा नभए सात दिनपछि फेरी थप कार्यक्रम सार्वजनिक हुने बताए । जिल्ला बार एसोसिएसन सप्तरीको नेतृत्वमा गरिएको धर्नामा ३० भन्दा बढी कानुन व्यवसायीले सहभागिता जनाएको अध्यक्ष रामप्रसाद चौधरीले जानकारी दिए ।

## मधेशी आयोगले बुझायो प्रतिवेदन

**जनकपुरधाम** । मधेशी आयोगले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन मधेश प्रदेशका प्रमुख हरिशंकर मिश्रसमक्ष पेश गरेको छ। नेपालको संविधानको धारा २९४ एवम् मधेशी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम प्रदेश प्रमुख मिश्रसमक्ष आयोगले प्रतिवेदन पेश गरेको हो । आयोगले आर्थिक वर्ष २०७८/७९ मा सम्पादन गरेका चौथो वार्षिक प्रतिवेदन पेश गरेको प्रदेश प्रमुखको कार्यालयका सचिव राजेन्द्र पराजुलीले जानकारी दिए ।

## संघद्वारा गृहमन्त्रीको सम्मान

**जनकपुरधाम ।** जनकपुरधाम उद्योग वाणिज्य संघले सरकारका गृहमन्त्री, गृहसचिव सहितको टोलीलाई सम्मान गरेको छ । मधेश प्रदेशस्तरीय सुरक्षा गोष्ठी संघकै राजर्षिजनक सभाहलमा आयोजना भएकाले त्यहाँ पुगेका उपप्रधानमन्त्रीसमेत रहेका गृहमन्त्री नारायणकाजी श्रेष्ठ, गृह सचिव विनोद प्रकाश सिंह, गृहमन्त्रालयका सहसचिव एवम प्रवक्ता जितेन्द्र बस्नेत र नेपाल र सशस्त्र प्रहरी बल मधेश प्रदेशका प्रमुखसहितलाई संघका पदाधिकारीले सम्मान गर्नुका साथै मायाको चिनो प्रदान गरेका थिए ।
संघका अध्यक्ष जितेन्द्र महासेठले सुस्त आर्थिक गतिविधि चलायमान र पुर्नताजा बनाउन रात्रीकालीन व्यवसायसमेत चलाउने सम्बन्धमा सुरक्षा व्यवस्था मागसहित गृहमन्त्री श्रेष्ठलाई ध्यानाकर्षण पत्र बुझाए । संघका तर्फबाट पूर्व अध्यक्ष निर्मल चौधरी, वरिष्ठ उपाध्यक्ष मनिष रमण साह, उपाध्यष अम्भु प्रसाद साह, महासचिव मनोज कुमार साह, सचिव फुलदेव पण्डित र कोषाध्यक्ष परमेश्वर साहको उपस्थिती थियो ।

## ओली हमलाको भर्त्सना

**जनकपुरधाम** । नेकपा एमाले मधेश प्रदेश समितिले आफ्नोका अध्यक्ष अध्यक्ष केपी शर्मा ओलीलाई लक्षित गर्दै वैशाख १२ गते झापामा भएको हमलाको भर्त्सना गरेको छ ।
नेकपा एमाले मधेश प्रदेश कमिटीका अध्यक्ष रामऔतार यादवले अध्यक्ष ओलीमाथि आक्रमणको प्रयास गर्ने व्यक्तिहरूलाई पक्राउ गरी कडाभन्दा कडा कानुनी कारबाही गर्न माग गरेका हुन् ।
उनले अहिलेसम्म पनि आक्रमणकारीलाई खोजेर कानुनी दायरामा ल्याउनुको सट्टा प्रधानमन्त्रीदेखि प्रहरी प्रशासनसमेतले यसलाई सामान्य घटनाको रुपमा लिएको भन्दै सरकारको आलोचना गरेका छन् ।

## उपमेयरको गाडीले किचिएर मृत्यु

**जनकपुरधाम ।** धनुषाको हंसपुर नगरपालिकाका उपमेयर चढ्ने गाडीले किचिएर १४ महिने बालिकाको मृत्यु भएको छ । उपमेयर दुर्गा देवी मण्डल चढ्ने गाडीले किचिएर उनको आफ्नै नातिनीको मृत्यु भएको हो ।
हंसपुर नगरपालिका ९ रुदौलीका रवीन्द्र मण्डलको १४ महिने छोरी लक्ष्मीनिया कुमारी मण्डलको उपमेयर मण्डल चढ्ने वा १६ च ९२६ नम्बरको टाटा सुमोले किचिएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।
आइतबार दिउँसो आफ्नै घरमा गाडी ब्याक गर्ने क्रममा किचिएर बालिकाको घटनास्थलमै मृत्यु भएको डीएसपी गौतमले बताए । प्रहरीले गाडी चालक शहिदनगर नगरपालिका-४ का ३० वर्षीय दीपेन्द्रकुमार रायसहित गाडीलाई नियन्त्रणमा लिएको छ ।

## सम्पादकीय

# मुख्यमन्त्रीको पाकेटमारी

आइतबार जनकपुरमा मिटरब्याजीविरुद्धको सरकारी जेहाद नै मानौँ, पीडकलाई कारबाही गर्ने गरी स्थापना भएको सरकारी अड्डा उद्घाटनस्थलमा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले शान्तिसुरक्षाबारे निकै कटाक्ष गर्नु भयो । उहाँले आफैँ दुई पटक लुटिएको सुनाउनु भयो । एकपटक सभामुख हुँदा, अर्को भर्खर बारा-२ स्थित आफ्नै गाउँमा पार्टी अध्यक्ष उपेन्द्र यादवको विजयी जुलुशमा सहभागी हुँदा पाकेटमारको निशानामा परेर पैसा हराएको सुनाउनु भयो । मुख्यमन्त्रीकै पाकेट मारिन्छ भने अरुको अवस्था कस्तो होला ? मुख्यमन्त्रीले पक्कै झुट बोल्नु भएन । दुई-दुई पटक आफैँ असुरक्षित रहेको त्यो पनि आर्थिकरुपमा भन्ने वियष पक्कै पेचिलो थियो । मधेशमा अरु जनता कहाँ सुरक्षित होलान् र ? मुख्यमन्त्रीले आशंका मात्र गर्नु भएन, प्रश्नचिन्ह पनि खडा गर्नु भयो कि, मधेशमा किन बढ्दै छ असुरक्षा ? कसरी जनताले गर्ने सुरक्षा अनुभूति ?

केन्द्र सरकारका बलशाली उपप्रधानमन्त्री, गृहमन्त्री, सत्तारुढ दलका पार्टीका वरिष्ठ उपाध्यक्ष, प्रधानमन्त्रीका पार्टी र सरकारमा सारथि रहेका नारायणकाजी श्रेष्ठ प्रकाशका सामु मुख्यमन्त्रीले यसरी आफैँ लुटिएँ भन्नु पक्कै मधेशको सुरक्षाको जिम्मा जनकपुरमा जानकीमाइ र वीरगंजमा गहवामाइले धाने झैँ अरु मधेशका जिल्लामा पनि कतै सल्हेस बाबाले कतै कुनै माइले नै धानेको भन्ने संकेत गर्दछ । झट्ट सुन्दा मुख्यमन्त्रीले 'फन्नी भएर पो जोक मारे कि' भन्ने सबैलाई परिरहला । तर त्यस्तो होइन । प्रहरी संगठन र प्रदेश सरकारको चिनजान हुनै बाँकी रहेको संघीयता अभ्यासमा छौँ हामी । हुन त भारतमा पनि नयाँ दिल्लीका मुख्यमन्त्री अरबिन्द केजरीवालले भनिरहनु हुन्छ कि, 'दिल्ली पुलिस प्रदेश सरकारको नियन्त्रणमै छैन ।' भारतमै यो एजेन्डा चर्किरहँदा नेपालमा हामी भर्खर प्रदेश अभ्यासमा छौँ । स्थानीय तहका कार्यकारीदेखि शान्तिसुरक्षा, वन, प्रशासन केन्द्र सरकारले आफ्नो नियन्त्रणमा राखेको छ ।

एउटा कार्यकारी अधिकृत परिवर्तन गर्न केन्द्र सरकारको तजबिज चाहिन्छ । प्रदेश सरकारले सक्दैन । प्रदेश सरकारका सचिव को आउँछन्, प्रदेश सरकारका मुख्यमन्त्रीलाई थाहा हुँदैन र सोधनीसमेत हुँदैन । यस्तै, प्रदेशका गृहमन्त्री भन्दै झण्डा हल्लाइरहेका हुन्छन् । सुरक्षा दस्तासहित हिँडिरहेका हुन्छन् । तर प्रदेश राजधानी रहेको जिल्लाकै प्रहरी उपरीक्षक र प्रदेशका गृहमन्त्रीबीच सरसफाइ, अस्पतालमा जेष्ठ नागरिकलाई फलफूल बाँडिरहेका बेला मात्र भेट हुन्छ । जिल्लामा केही भइरहेको छ ? शान्तिसुरक्षा कस्तो छ ? त्यतिसम्म रिपोर्ट प्रदेशका गृहमन्त्रीले पाउँदैनन् । जबकि, प्रहरी संयन्त्रले सातै प्रदेशमा सूचना जारी गरिसकेको हुन्छ । अन्त त अन्त भइगयो, बागमती प्रदेशमा समेत केपी ओली सरकारमा बागमती प्रदेशका काठमाडौँ, ललितपुर र भक्तपुरका प्रहरी चैँ केन्द्र सरकार मातहत रहने भनेर निर्णय भयो । यस्तो त देशको संघीयता र प्रदेश कार्यान्वयनको अभ्यास छ ।

मुख्यमन्त्री यादवले उठाएको प्रश्न हो, मधेश प्रहरी बल गठन । मधेश सरकारमातहत प्रहरी भर्ना र परिचालन । छ न त जनकपुरमै मधेश प्रदेश प्रहरी छ । त्यो संगठन नेपाल सरकारको गृहमन्त्रालयप्रति वफादार छ । प्रदेश सरकारसँग परिचय नगरे पनि हुने कानुनी व्यवस्था, मापदण्ड र अभ्यास छ । यस्तो बेला शान्तिसुरक्षामा प्रदेश सरकारले चाहेर पनि प्रहरी बल परिचालन गर्न या समन्वय गर्न सक्दैन । सायद प्रदेशका मुख्यमन्त्रीले उठाउनु भएको मुद्दा यही थियो । प्रदेश मातहत प्रहरी संगठन परिचालन हुने तर केन्द्रको समन्वय रहने गरी सुरक्षाबल परिचालनका लागि प्रदेश सरकारहरुले केन्द्र सरकारलाई यसरी नै जगाइरहन जरुरी छ । जुन काम मधेशका मुख्यमन्त्रीले आइतबार आफैँ लुटिएको र प्रदेश गृहमन्त्रीबीच गफगाफसमेत नहुने परिदृश्य केन्द्र सरकार प्रतिनिधिलाई सदृश्य देखाइदिनु भयो ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# श्रीलंका र पाकिस्तानको आर्थिक संकटबाट सिक्नुपर्ने पाठ



– श्रीमन नारायण

*आर्थिक वर्ष सन् २०२२/२३ मा पाकिस्तानको राजस्व ५.३ ट्रिलियन पाकिस्तानी रुपैयाँ हुन गएको छ जबकी सार्वजनिक ऋणको वार्षिक भुक्तानी पनि नयाँ ब्याजदर कायम गरिएको खण्डमा ५.२ ट्रिलियन रुपैयाँ पुग्ने देखिन्छ । जुनसुकै बाटोबाट आए पनि श्रीलंकाली र पाकिस्तानी संकट थेप्न नसकिने वैदेशिक ऋणमा गएर टुंगिएका छन् । पाकिस्तानको सार्वजनिक ऋणले पनि श्रीलंकाकै बाटो पछ्याइरहेको छ र यसले सीमा नाघिसकेको छ । अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार पाकिस्तानको वर्तमान संकट समाधानका लागि तत्काल ७ अर्ब डलर बराबरको ऋण चाहिएको छ र सन् २०२६ सम्म ऋण चुक्ताका लागि उसले वार्षिक २५ अर्ब डलर खर्च गर्नुपर्नेछ ।*

दक्षिण एसियाका देशहरुमध्ये श्रीलङ्का, पाकिस्तान, अफगानिस्तान र नेपाल घरेलु समस्या, आन्तरिक सशस्त्र संघर्ष, धार्मिक अतिवाद एवम् आतंकवाद र राजनीतिक अस्थिरतालगायतका घटनाका कारण आर्थिक रुपले जर्जर हुन पुगेको छ । श्रीलङ्का त डिफल्टर पनि घोषित भइसकेको छ भने पाकिस्तानको अवस्था पनि श्रीलङ्का भन्दा खासै भिन्न छैन । नेपालमा पनि भ्रष्टाचारको नियन्त्रण प्रभावकारी तरिकाले गर्न सकिएन भने देश 'ग्रे लिस्ट' मा पर्ने सम्भावना बढ्दै गएको छ । पाकिस्तान त निकै अघिदेखि ग्रे लिस्टमा परेको छ । अफगानिस्तानमा धार्मिक अतिवाद एवम् गृहयुद्धका कारण यो देश विश्व समुदायबाट एक्लिएको अवस्था छ । केबल खोक्रो राष्ट्रवादको नारा, धार्मिक एवम् जातीय कट्टरता तथा पद एवम् सत्तामुखी राजनीतिले देशलाई कति हदसम्म तहसनहस पार्न सक्दछ, यसको उदाहरण खोज्न हामी अन्त कतै जानु पर्दैन, श्रीलंका र पाकिस्तानको संकटबाट पनि नेपालले धेरै कुरा सिक्न सिक्दछ ।

श्रीलंकाली आर्थिक संकटका पछाडि मूलतः घरेलु समस्यासँग जोडिएको बाह्य क्षेत्रको प्रभाव थियो भने पाकिस्तानी संकटमा वैदेशिक सहयोगको अर्थ राजनीति, अस्थिर राजनीति र आतंकवादको चपेटामा परेको पाकिस्तानी समाजका पीडाहरु कारकका रुपमा रहेका छन् । नेपाल जस्तै श्रीलंका र पाकिस्तान पनि अन्तरर्ष्ट्रिय व्यापारमा निर्यातको प्रवृत्ति कमजोर हुँदै गएर बढदो विप्रेषणबाट (रेमिट्यान्स) भुक्तानी असन्तुलनलाई मिलाउनुपर्ने अर्थतन्त्रको रुपमा परिणत हुँदै गएका थिए । कोभिड-१९ को लामो संक्रमणसँगै श्रीलंकाको पर्यटन व्यवसाय धरासायी भयो । विप्रेषणबाट वैदेशिक मुद्रा सञ्चितिमा पनि ह्रास आउँदै गयो । विदेशी मुद्रा सञ्चितिमा आएको ठूलो ह्रासको पीडा एकातिर थियो भने राजापाक्षेको पारिवारिक शासनले देशमा भ्रष्टाचार, आर्थिक अनियमितता र मनपरीतन्त्रलाई बढावा दिइरहेको छ । राजापाक्षे परिवारका विरोधीहरुमाथि भारत समर्थक भएको आरोप लगाएर देशका जनतालाई राष्ट्रवादको मन्त्रजाप गर्न लगाइयो । सोझा जनता जाति, भाषा, धर्म र राष्ट्रवादको नाममा तत्क्षण भावुक हुन पुग्छन् ।

धूर्त राजनीतिज्ञलाई जनताको यस कमीकमजोरीबारे थाहा भएको हुन्छ । गरिबी, बेरोजगारी, महंगी, अशिक्षा, राजनीतिक स्थायित्व र देशको आर्थिक विकास एवम् समृद्धिबारे ठोस नीति एवम् कार्यक्रम अथवा भिजन नभएका नेताले आफनो राजनीतिक कारोबार चलाइराख्न राष्ट्रवादको नारालाई अघि सार्दछन् । यस्तो किसिमको राष्ट्रवादको नारालाई सफल बनाउन एउटा शत्रुको पहिचान गरिएको हुन्छ । त्यो शत्रु कुनै छिमेकी देश पनि हुन सक्दछ, देशभित्रकै कुनै जातीय समूह, भाषाभाषी, धर्मावलम्बी र भौगोलिक क्षेत्रका वासिन्दा पनि हुनसक्दछ । श्रीलंकाले अल्पसंख्यक हिन्दूहरुलाई देशका बहुसंख्यक सिंहलीको शत्रुको रुपमा परिभाषित गरेको थियो ।

> “ तमिलहरुले केबल राज्यको पुनःसंरचना गरी प्रादेशिक एकाइको माग गरेका थिए । कोलम्बोको शासनसत्ता चाहिन्छ भने माग गरेको थिएन तर त्यहाँका सिंहली शासकलाई यो मन परेन र दशकौँको गृहयुद्ध पश्चात चीनको सहयोगमा तमिल विद्रोहलाई कुल्चिदिने काम भयो । यस घटनाले राजपाक्षे परिवारलाई नायकको संज्ञा दिने काम भयो । राजपाक्षे परिवारले गरेका प्रत्येक निर्णयलाई राष्ट्रको हितमा ठान्ने काम भयो विस्तारै-विस्तारै राजपाक्षे परिवारका सदस्यहरुले देशको शासनसत्ता र निर्णायक ठाउँमा वर्चस्व कायम गरे । देशको शासन सत्ता, अर्थतन्त्र र महत्वपूर्ण टेन्डर एवम् कारोबार पनि यसै परिवारमा निहित हुनपुग्यो ।

तमिलहरुले केबल राज्यको पुनःसंरचना गरी प्रादेशिक एकाइको माग गरेका थिए । कोलम्बोको शासनसत्ता चाहिन्छ भने माग गरेको थिएन तर त्यहाँका सिंहली शासकलाई यो मन परेन र दशकौँको गृहयुद्ध पश्चात चीनको सहयोगमा तमिल विद्रोहलाई कुल्चिदिने काम भयो । यस घटनाले राजपाक्षे परिवारलाई नायकको संज्ञा दिने काम भयो । राजपाक्षे परिवारले गरेका प्रत्येक निर्णयलाई राष्ट्रको हितमा ठान्ने काम भयो विस्तारै-विस्तारै राजपाक्षे परिवारका सदस्यहरुले देशको शासनसत्ता र निर्णायक ठाउँमा वर्चस्व कायम गरे । देशको शासन सत्ता, अर्थतन्त्र र महत्वपूर्ण टेन्डर एवम् कारोबार पनि यसै परिवारमा निहित हुनपुग्यो । चीनलाइ गुणदोषयुक्त मित्र राष्ट्र ठान्नु भन्दै त्यसको देवत्वकरण गर्ने काम भयो ।

विना ग्लोबल टेन्डर नै अनेकौँ परियोजनाहरु चिनियाँ निर्माण कम्पनीलाई सुम्पिने काम भयो । श्रीलङ्का बिआरआइको सदस्य पनि बन्यो । शासनमा परिवारवाद हावीवाद भएपछि जनतामा आक्रोश नउब्जियोस् भन्ने मनसायको करका दरहरुलाई एक्कासी घटाइयो आर्गेनिक खेती प्रणालीको स्थापनाका लागि रासायनिक मलको आयातमाथि प्रतिबन्ध लगाउने काम भयो । यसबाट सरकारी वित्तीय प्रणाली मात्र खल्बलिएन अपितु एकै वर्षमा कृषि उत्पादनको लागत ७० प्रतिशतले बढ्यो भने उत्पादन आधाले घटयो । यो नीति प्रत्युत्पादक सावित भएपछि नोभेम्बर २०२१ मा रासायनिक मलको आयातमाथि लगाइएको प्रतिबन्ध खुला गरियो ।

कोभिड-१९ को लामो संक्रमणका कारण श्रीलङ्काका पर्यटन उद्योग धरासायी भए, श्रीलंकाको घट्दो औद्योगिक उत्पादन र खुम्चिदो निर्यात व्यापारको प्रवृत्ति झण्डै तीनदशक जति नै सुरु भइसकेको देखिन्छ । चिनियाँ ऋणको भारीले न त पाकिस्तान र न त श्रीलंकालाई नै राहत प्रदान गर्न सक्यो ।

रुस-युक्रेन संकटले श्रीलंकाको अर्थतन्त्रलाई थप कमजोर बनाउने काम गऱ्यो । श्रीलंकाली चिया उपरोक्त युद्धरत देशमा ठूलो मात्रामा निर्यात हुने गर्दथ्यो । आपूर्ति श्रृंखला चुँडिएपछि श्रीलंकाको प्रमुख अन्तरर्ष्ट्रिय बजार वञ्चित भई ठूलो आर्थिक संकट उत्पन्न हुन गयो । घट्दो विप्रेषणसँगै वैदेशिक मुद्रा आर्जनका अन्य स्रोतलाई पर्यटन क्षेत्र र चियाको निर्यात बजार सुकेपछि आर्थिक संकट गहिरिँदै गयो ।

आर्थिक स्थिति कमजोर हुँदै गएपछि श्रीलंकाले वैदेशिक ऋण लिनुको विकल्प थिएन । तमिल विद्रोहीमाथि भएको नरसंहारका कारण पश्चिमा तथा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक पनि श्रीलंकालाई आर्थिक अनुदान अथवा ऋण दिन हत्पति तयार भइरहेको थिएन । मानवाधिकार हननको गम्भीर आरोपको सामना गरिरहेको श्रीलंकाले चीनसित चर्को ब्याजदरमा ऋण लिनुको विकल्प थिएन । त्यो पनि चिनियाँ शर्तमै । अन्तर्राष्ट्रिय मुद्राकोषबाट १.५ खर्ब डलरको संकटमोचन ऋण लिई समस्या टालटुल गर्न खोजियो । घट्दो विप्रेषण र निर्यात व्यापार संक्रमणको दृश्चक्रमा वैदेशिक ऋण बढ्दै गएर सन् २०२२ मा कुल गार्हस्थ उत्पादनको १ सय २० प्रतिशत पुग्यो । श्रीलंकामा खास गरी पूर्वाधार विकास र विद्रोही तमिलमाथि सैनिक दमनका लागि अन्धाधुन्ध लिएको वैदेशिक ऋणको ब्याज मात्रै सन् २०२२ को मेसम्म मात्रै ८ करोड डलर पुगिसकेको थियो । ऋण संकटपछि आएको वैदेशिक ऋणले पनि समस्या समाधान गर्न सकेन ।

मुसलमानका निम्ति छुटै देश हुनुपर्ने माग गर्दै सन् १९४० मा भारतबाट छुट्टिएर बनेको देश पाकिस्तानले कुनै समयमा इजिप्ट र साउदी अरबलाई चुनौती दिँदै आफूलाई विश्वका इस्लामिक राष्ट्रको अगुवा बनाउने सपना देखेको थियो तर सन् १९७१ तिर पूर्वी पाकिस्तानका नागरिकले आफ्नो मातृभाषा बांग्लाको पक्षमा र उर्दूको विरोधमा चलाएको आन्दोलनको फलस्वरुप देश नै विभाजित हुनगयो । राजनीतिक अस्थिरता, सैनिक शासनको लामो पृष्ठभूमि, धार्मिक अतिवादी एवम् आतंकवादीको बढ्दो गतिविधि र देशको राजनीतिमा धार्मिक नेताहरुसमेतको बढ्दो प्रभावका कारण पनि यो देश आर्थिकरुपले सबल हुनसकेन ।

पाकिस्तानी आर्थिक संकटको चरित्र पनि श्रीलंकाकै जस्तो थियो । पाकिस्तान क्षेत्रफलको हिसाबले श्रीलंका भन्दा १२ गुणा ठूलो, जनसंख्याको हिसाबले १० गुणा ठूलो र जिडिपीको हिसाबले ४ गुणा ठूलो अर्थतन्त्र भएको मुलुक हो तर आर्थिक संकटका कारण पाकिस्तानको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन श्रीलंकाको भन्दा आधा मात्रै थियो । कोभिड-१९ बाट थलिएको पाकिस्तानी अर्थतन्त्रमा सरकारी राजस्वमा ह्रास आएसँगै कपडा उत्पादन गर्ने उद्योगलाई दिइँदै आएको इन्धन अनुदान हटाउने बित्तिकै विदेशी उत्पादनसित प्रतिस्पर्धा गर्ने अवस्थामा यहाँका कपडा उद्योगहरु सफल भइरहेको थिएन र यहाँका कपडा उद्योग धरासायी हुन पुगे । प्राकृतिक आपदाका कारण सन् २०२२ को अन्त्यतिर यो ऋण २ सय ४७ अर्ब डलर बराबर हुन पुग्यो जुन उसको कुल जिडिपीको ९७ प्रतिशत हुन आउँछ । आर्थिक वर्ष सन् २०२२/२३ मा पाकिस्तानले राजस्व ५.३ ट्रिलियन पाकिस्तानी रुपैयाँ हुन गएको छ जबकी सार्वजनिक ऋणको वार्षिक भुक्तानी पनि नयाँ ब्याजदर कायम गरिएको खण्डमा ५.२ ट्रिलियन रुपैयाँ पुग्ने देखिन्छ । जुनसुकै बाटोबाट आए पनि श्रीलंकाली र पाकिस्तानी संकट थेप्न नसकिने वैदेशिक ऋणमा गएर टुंगिएका छन् । पाकिस्तानको सार्वजनिक ऋणले पनि श्रीलंकाकै बाटो पछ्याइरहेको छ र यसले सीमा नाघिसकेको छ ।

अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार पाकिस्तानको वर्तमान संकट समाधानका लागि तत्काल ७ अर्ब डलर बराबरको ऋण चाहिएको छ र सन् २०२६ सम्म ऋण चुक्ताका लागि उसले वार्षिक २५ अर्ब डलर खर्च गर्नुपर्नेछ जसरी श्रीलंकामा तमिल विद्रोहलाई दबाउनका लागि सरकारी खर्च अनियमित रुपले बढन थाल्यो, त्यसरी नै आतंककारी विरुद्धका लडाइँमा पाकिस्तानको दशकौँसम्म घाटा बजेटको पूर्ति वैदेशिक ऋणबाट गर्न थाल्यो । अलकायदा प्रमुख ओसामा बिन लादेन पाकिस्तानमै फेला पर्नु र भारतका वान्छित अपराधीहरु पाकिस्तानमै हुनुले

> “ आर्थिक स्थिति कमजोर हुँदै गएपछि श्रीलंकाले वैदेशिक ऋण लिनुको विकल्प थिएन । तमिल विद्रोहीमाथि भएको नरसंहारका कारण पश्चिमा तथा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक पनि श्रीलंकालाई आर्थिक अनुदान अथवा ऋण दिन हत्पति तयार भइरहेको थिएन । मानवाधिकार हननको गम्भीर आरोपको सामना गरिरहेको श्रीलंकाले चीनसित चर्को ब्याजदरमा ऋण लिनुको विकल्प थिएन । त्यो पनि चिनियाँ शर्तमै । अन्तर्राष्ट्रिय मुद्राकोषबाट १.५ खर्ब डलरको संकटमोचन ऋण लिई समस्या टालटुल गर्न खोजियो । घट्दो विप्रेषण र निर्यात व्यापार संक्रमणको दृश्चक्रमा वैदेशिक ऋण बढ्दै गएर सन् २०२२ मा कुल गार्हस्थ उत्पादनको १ सय २० प्रतिशत पुग्यो ।

देशभर १ हजार ६ सय भन्दा बढी कपडा उद्योग बन्द भए, सञ्चालनमा रहेका उद्योगहरुले पनि आफनो क्षमताको ५० प्रतिशत मात्रै उत्पादन गर्न थाले । फलस्वरुप ४० लाख मजदुरले रोजगार गुमाए । यस्तै अवस्था अटोमोबाइल उद्योगको पनि भयो । पाकिस्तानी अर्थतन्त्रका तीन ठूला उद्योगहरुमा आएको संकटको भूमरीबीच मुलुकले इतिहासकै विनाशकारी बाढीको सामना गर्न बाध्य भयो ।

पाकिस्तानमा प्रत्येक ५ वर्षमा सरकारी ऋण दोब्बर हुँदै गएको छ पाकिस्तानको आतंकवाद विरोधी निष्ठामाथि औंला ठड्याउने काम गरेको छ । श्रीलंका र पाकिस्तानको आर्थिक असफलताबाट हामीले पनि केही शिक्षा लिनु आवश्यक छ । हाम्रो देशको आर्थिक अवस्था पनि खासै राम्रो छैन । भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी पाइला चाल्ने काम भएको छैन । उद्योग-धन्धा पनि राम्ररी फष्टाएको छैन । रेमिट्यान्सका भरमा देश चलेको छ । वर्षैपिच्छे सरकारको नेतृत्व परिवर्तन भइरहेको छ । तसर्थः सबै पक्षमा दायित्वबोध हुनु आवश्यक छ ।

# 'मेरो कृषि मेरो पौरख' नारामै सीमित



**विराटनगर ।** कोशी प्रदेश सरकारले कृषि क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेको छ । सरकारका हरेक नीति तथा कार्यक्रम र बजेटमा कृषि क्षेत्रमा आधुनिकीकरणका लागि विभिन्न नारा र लोकप्रिय कार्यक्रम राखिएका छन् । तर, कार्यान्वयन भने भएको छैन ।

कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ मा राखेको कृषिसम्बन्धी लोकप्रिय नारा थियो 'मेरो कृषि मेरो पौरख' । यस्तै लोकप्रिय कार्यक्रम थिए- 'प्रदेश प्रमुख नवप्रवर्तन कृषि कार्यक्रम', 'उत्पादनमा आधारित अनुदान', 'कृषि कर्जामा ब्याज अनुदान', 'कृषि औजार र उपकरण आयातमा भन्सार शुल्कमा अनुदान' ।सुन्दा र बुझ्दा कार्यक्रमहरू एकदमै सुन्दर र किसानमैत्री छन् तर, कार्यक्रम कार्यान्वयनको अवस्था भने शून्य छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको कोशी प्रदेशको पाँचौं वार्षिक प्रतिवेदनमा उल्लेखित कुनै पनि कार्यक्रम र नारा कार्यान्वयन नभएको उल्लेख छ ।

'मेरो कृषि, मेरो पौरख' नाराका साथ सुरु गरिएको प्रदेश प्रमुख नवप्रवर्तन कृषि कार्यक्रममा कोभिड-१९ का कारण विदेशबाट फर्केका ७९५ जना युवा छनौट गरी ३५० जनालाई गाई, भैँसी, बाख्रा, बङ्गुर, कुखुरा, तरकारी, च्याउ र मौरी पालन सम्बन्धित सुलभ ऋण दिने योजना थियो । प्रदेश सरकारले उनीहरूलाई त्यससम्बन्धी व्यावहारिक तालिम दिए पनि ऋणको अभावले कसैले पनि उक्त काम गर्न सकेनन् ।

यस्तै प्रदेश सरकारले चैते धान, हाइब्रिड मकै, लसुन, प्याज उत्पादक किसानलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने गरी लसुन, प्याज उत्पादन कार्यक्रमको घोषणा गरेको थियो । उक्त कार्यक्रम सुरु नै नभएको महालेखाले औंल्याएको छ ।

एक वर्षमा २७ करोड ५४ लाख अनुदान वितरण

कृषि मन्त्रालयले गत आर्थिक वर्षमा १३० वटा विभिन्न फर्मलाई २७ करोड ५४ लाख ८१ हजार रुपैयाँ अनुदान उपलब्ध गाएको छ । मातहतको कार्यालयबाट अनुदान वितरण गरी मन्त्रालयले कार्यान्वयन भन्दा अनुगमन तथा मूल्याङ्कनको भूमिकामा रहनुपर्ने महालेखाले सुझाव दिएको छ । कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ को दफा २५ मा अनुदानग्राहीले एकै प्रकृतिको कामका लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न नहुने र अनुदान सम्झौता गर्दा ५ देखि १० वर्षसम्म व्यवसाय निरन्तरता हुनुपर्ने उल्लेख छ ।

तर, कृषि मन्त्रालय अन्तर्गत पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयबाट २४ संस्थालाई २ करोड ६३ लाख ५६ हजार रुपैयाँ अनुदान उपलब्ध गराउँदा अन्य निकायबाट अनुदान नलिएको सुनिश्चित नगरेको पनि महालेखाले औंल्याएको छ ।यस्तै कृषि ज्ञान केन्द्र, धनकुटाले १७२ कृषक तथा कृषक समूह र फर्मलाई २ करोड ३४ लाख ८१ हजार रुपैयाँ अनुदान उपलब्ध गराएको भए पनि अनुगमन र मूल्याङ्कन नभएको महालेखाले जनाएको छ ।

डिृम प्रोजेक्टलाई कामै नसकी भुक्तानी

कोशी प्रदेश सरकारको ड्रिम प्रोजेक्टका रुपमा रहेको मिल्क पाउडर प्लान्ट निर्माणको काम नसकी मन्त्रालयले भुक्तानी गरेको पनि महालेखाले उल्लेख गरेको छ । सुनसरीको तरहरामा निर्माण भएको उक्त पलान्टको काम नै नसकी मन्त्रालयले भुक्तानी गरेको हो । कुल ३१ करोड ७ हजार लाख रुपैयाँ लागतमा पाउडर प्लान्ट स्थापना गर्ने गरी डीपीआर बनाइएको थियो । निर्माणको जिम्मा सगरमाथा विशिष्टीकृत सहकारीले लिएको थियो । सम्झौता गर्दा भने डीपीआरमा बनाइएको भन्दा कम लागत सहकारीले व्यहोर्ने उल्लेख थियो ।३१ करोड ७ हजार रुपैयाँमध्ये प्रदेश सरकारले २० करोड दिने र ११ करोड संस्थाले व्यहोर्ने गरी डीपीआर बनाइएको थियो । तर पछि सम्झौता हुँदा प्रदेश सरकारले २० करोड रुपैयाँ अनुदान दिने र ८ करोड ३० लाख रुपैयाँमात्रै सहकारीले व्यहोर्ने गरी सम्झौता भएको थियो । सम्झौता गर्दा भने सहकारीले आफ्नो लागत घटाएको हो । २०७९ असार मसान्तसम्ममा सक्ने गरी सम्झौता गरिएको उक्त प्रोजेक्ट अहिलेसम्म पनि सकिएको छैन । प्रदेश सरकारको अनुदानबाट सामग्री खरिद गर्ने र सहकारीले संरचना निर्माणको जिम्मा लिने गरी सम्झौता भएको थियो ।तर मन्त्रालयले काम नै नसकी १९ करोड ३० लाख ४ हजार भुक्तानी गरेको छ । महालेखाको प्रतिवेदनअनुसार १८ करोड ४२ लाख ११ हजार अनुदान व्यहोरिने शीर्षकमा बजेट विनियोजन गरिए पनि १९ करोड ३० लाख चार भुक्तानी दिएको भन्दै ८७ लाख ९३ हजार असुलउपर गर्न महालेखाले सुझाव दिएको छ ।

# तरकारीमा बढ्दो परनिर्भरता : सवा अर्ब रुपैयाको ताजा तरकारी आयात

**काठमाडौँ ।** माग अनुसारको उत्पादन नहुँदा नेपालमा अर्बौं रुपैयाँको ताजा तरकारी आयात हुने गरेको छ । हरेक वर्ष गोलभेँडा, बन्दा, काउली, ब्रोकाउली, मुलालगायत ताजा तरकारी आयातको ग्राफ बढ्दै गएको छ । केन्द्रीय भन्सार विभागको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा गरी कुल ८५ हजार सात सय ३५ मेट्रिक टन बराबरको एक अर्ब ३० करोड २८ लाख ११ हजार रुपैयाँको ताजा तरकारी आयात भएको छ । गत आर्थिक वर्षमा ४७ हजार ७ सय ६१ मेट्रिक टन बराबरको कुल ६३ करोड ५० लाख ५२ हजारको ताजा तरकारी आयात भएको थियो। त्यसैगरी, चालु आर्थिक वर्षमा ३७ हजार ९ सय ७४ हजार मेट्रिक टन बराबरको ६६ करोड ७७ लाख ५९ हजार रुपैयाँको ताजा तरकारी आयात भएको छ ।

गत वर्षको तुलनामा चालु आर्थिक वर्षको नौ महिनामै करिब तीन करोड भन्दा बढीको तरकारी आयात भएको देखिन्छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ताजा तरकारी बालीहरूमध्ये काउली, बन्दा, ब्रोकाउली, गोलभेँडा तथा मुलालगायत कुल कुल २ लाख ८४ हजार हेक्टर क्षेत्रफलमा तरकारी बाली लगाइएकोमा ३९ लाख ९३ हजार मेट्रिक टन तरकारी उत्पादन भएको छ । सरदरमा उत्पादकत्व १४.०५ मेट्रिक टन प्रतिहेक्टर रहेको छ । आर्थिक वर्ष २०७६/७७ भन्दा उत्पादन ०.७८ प्रतिशतले बढेको छ ।

सरकारले ताजा तरकारीका लागि हरेक वर्ष प्राथमिकता दिँदै आएको र अहिले उत्पादन पनि बिस्तारै बढ्दै गएको राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रका प्रमुख वासुदेव काफ्लेले बताए । प्रदेश सरकार र स्थानीय सरकारले पनि ताजा तरकारी उत्पादन कार्यक्रम प्राथमिकतामा राख्नुपर्ने उनको सुझाव छ । सरकारले किसानलाई प्राथमिकता दिनुपर्छ उनले भने, ' अनि मात्र उत्पादन बढाएर निर्यात प्रतिस्थापन गर्न सकिन्छ ।'यहाँ केही ताजा तरकारीको आयात परिणाम र उत्पादनबारे जानकारी समेटिएको छ ।

**बन्दा**

अस्ट्रेलिया, चिली, चीन, जापान, इटाली, दक्षिण कोरिया, न्यूजील्याण्ड, थाइल्यान्ड, अमेरिकाबाट बन्दाको बिउ आयात हुन्छ भने भारतबाट रातो बन्दा र अन्य बन्दा आयात



हुने गरेको छ । रातो बन्दा र अन्य बन्दा गरी गत आर्थिक वर्षमा ५४ मेट्रिक टन बराबरको १३ लाख २४ हजारको आयात भएको थियो । चालु आर्थिक वर्षको चैतसम्म ७५ मेट्रिक टन बराबरको १४ लाख ८० हजारको बन्दा आयात भएको छ। राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रका अनुसार आर्थिक वर्ष २०७७/७८ मा २९ हजार ६ सय ९३ हेक्टर क्षेत्रफलमा ४ लाख ९३ हजार ९ सय ९६ मेट्रिक टन बन्दा उत्पादन भएको थियो ।

**काउली**

गत आर्थिक वर्षमा एक सय ४३ मेट्रिक टन बराबरको २४ लाख ४१ हजारको काउली तथा ब्रोकाउली आयात भएको थियो । चालु आर्थिक वर्षको चैत सम्ममा ३३ मेट्रिक टन बराबरको पाँच लाख ४१ हजार रुपैयाँको काउली आयात भएको छ । केन्द्रका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ३७ हजार ९ सय ६९ हेक्टर क्षेत्रफलमा ५ लाख ५७ हजार ४ सय ५ मेट्रिक टन काउली र ब्रोकाउली उत्पादन भएको थियो।

**गोलभेँडा**

गत आर्थिक वर्षमा ४७ हजार ५६३ मेट्रिक टन बरबरको ६३ करोड १२ लाख चार हजार रुपैयाँको ताजा गोलभेँडा आयात भएको थियो । त्यसैगरी, गोलभेँडाको केचप र अन्य सस गरी कुल १५ करोड ८० लाख ४४ हजार रुपैयाँको आयात भएको थियो । त्यसैगरी, चालु आर्थिक वर्षमा ३६ हजार सात सय ८२ मेट्रिक टन बराबरको ४८ करोड ४९ लाख ६६ हजार रुपैयाँको ताजा गोलभेँडा आयात भएको छ । आर्थिक वर्ष २०७७/७८ मा २२ हजार ८ सय हेक्टर क्षेत्रफलमा ४ लाख ३२ हजार ६ सय १६ मेट्रिक टन गोलभेँडा उत्पादन भएको थियो।

**मुला**

मुलामा भने नेपाल आत्मनिर्भर देखिन्छ । मुलाको बीउमा भने परनिर्भर छ । गत आर्थिक वर्षमा पाँच करोड १९ लाख ३७ हजार रुपैयाँको मुलाको बीउ आयात भएको थियो। चालु आर्थिक वर्षमा १८ मेट्रिक टन बराबरको चार करोड ८४ लाख नौ हजार रुपैयाँको मुलाको बीउ आयात भएको छ। आर्थिक वर्ष २०७७/७८ मा १६ हजार ६ सय ४१ हेक्टर क्षेत्रफलमा दुई लाख ५६ हजार ४ सय ५२ मेट्रिक टन मुला उत्पादन भएको थियो ।

**बीउ आयात**

नेपालमा उन्नत बीउ विजन उत्पादन गर्न नसक्दा वार्षिक अर्बौं रुपैयाँ बाहिरिने गरेको छ । यहाँ चिली, इटाली, अस्ट्रेलिया, चीन, जापान, दक्षिण कोरिया, भारत, ताइवान, थाइल्यान्ड, अमेरिकाबाट बन्दा, काउली तथा ब्रोकाउली, मुला र गोलभेँडाको बीउ आयात हुने गरेको छ । यहाँ बीउ उत्पादन गर्ने सम्भावना भएता पनि सरकारले हरेक वर्ष तीन खर्ब भन्दा बढीको कृषिजन्य वस्तुको आयात गर्दै आएको छ । विभागको तथ्याङ्कअनुसार नेपालमा बन्दा, काउली तथा ब्रो काउली, मुला र गोलभेँडा गरी गत आर्थिक वर्षमा ३२ करोड ५४ लाख ७२ हजारको बिउ आयात भएको थियो। चालु आर्थिक वर्षमा २४ करोड १० लाख २२ हजार रुपैयाँको बीउ आयात भएको छ । जसमा सबैभन्दा बढी काउलीको बीउ आयात भएको छ। गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा काउली २५ करोड ३३ लाख ३५ हजार, बन्दा ११ करोड ३० लाख ७८ हजार, मुला १० करोड तीन लाख ४८ हजार र गोलभेँडा ९ करोड ९७ लाख ३३ हजारको रुपैयाँको बीउ आयात भएको छ ।

रुकुम, रोल्पा, प्युठान, म्याग्दी, पर्वत, दैलेख र बागलुङ तरकारीको बीउका लागि एकदम उर्वर ठाउँ भएको र यसमा सरकारले ध्यान नदिएको राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रका प्रमुख वासुदेव काफ्लेको भनाई छ । बीउमा सरकारी अनुदान नहुँदा किसानले बीउमा भन्दा बढी तरकारी खेतीमा जोड दिएका छन् । काफ्लेका अनुसार बीउ उत्पादनमा लामो समय लाग्ने तर थोरै पैसा आउने हुँदा किसानले बीउ उत्पादन गर्न छाडेको छन् ।

# दोस्रो स्टक एक्सचेन्ज: लगानीकर्ताले जान्नै पर्ने कुरा

**जनकपुरधाम ।**

नेपालमा हालसम्म एकमात्र धितोपत्र विनिमय बजारका रूपमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) सञ्चालनमा छ ।

त्यसको अतिरिक्त थप एउटा स्टक एक्सचेन्ज खोल्न धितोपत्र बजारको नियामक निकायले गरेको आह्वानमा तीनवटा आवेदन परेको उसले जनाएको छ । हिमालय स्टक एक्सचेन्ज, न्याशनल स्टक एक्सचेन्ज र अन्नपूर्ण स्टक एक्सचेन्जका नाममा परेका आवेदनमध्ये एउटा चयन हुनेछ । कतिपयले झन्डै १४ लाख लगानीकर्ता रहेको र पुगनपुग ५० खर्ब रुपैयाँको कुल गार्हस्थ उत्पादन भएको मुलुकको अर्थतन्त्रको आकारका आधारमा धेरै स्टक एक्सचेन्ज आवश्यक नपर्ने बताउने गर्छन् भने कतिपयले चाहिँ प्रतिस्पर्धा अनि धेरै विकल्प रोज्न अवसर सिर्जनाका निम्ति आवश्यक पर्ने बताउँछन् । तर थप एउटा स्टक एक्सचेन्ज आउने सन्दर्भमा अब पुरानो एक्सचेन्ज के हुन्छ अनि त्यसमा सूचीकृत कम्पनी अर्कोमा पनि हुन्छ कि हुँदैन जस्ता विभिन्न प्रश्नहरू मानिसहरूको मनमा खेलिरहेका छन् । यसै सन्दर्भमा हामीले नियामक निकाय सेबोनका अध्यक्ष रमेशकुमार हमालसँग कुरा गरेर नयाँ एक्सचेन्जबारे उब्जिएका केही प्रश्नहरूको जबाफ खोजेका छौँ।

किन आवश्यक पऱ्यो अर्को स्टक एक्सचेन्ज ?

देशमा छरिएर रहेको पूँजीलाई एकत्रित गरेर जनताकै स्वामित्व हुने गरि कम्पनीहरूको निर्माण वा सञ्चालन गराउन स्टक एक्सचेन्ज भरपर्दा माध्यम हुन् । अहिले नेपालमा सरकारी बहुमत स्वामित्वको नेप्से एकमात्र स्टक



एक्सचेन्ज रहेको छ। प्रतिस्पर्धाको आधारमा जनताको पूँजीको थप प्रभावकारी परिचालन गर्न सघाएर दोस्रो स्टक एक्सचेन्जले नेपालको पूँजी बजार विस्तारमा फड्को मार्न मद्दत गर्ने अपेक्षा छ। अहिले नेप्सेले सीमित प्रकृतिका धितोपत्रमात्र कारोबार गरेकोमा नयाँले अचेल विश्वमा चलेका डेरिभेटिभ, फ्युचर्स जस्ता अन्य किसिमका धितोपत्र उपकरण निष्काशन गर्नसक्छ। साथै, ऋणपत्र बन्डका हकमा दोस्रो बजारमा कारोबार चलायमान हुनसक्छ ।

खासगरी पूर्वाधार विकासमा दीर्घकालीन स्वरूपका निजी क्षेत्रका ऋणपत्रमार्फत् लगानी परिचालन प्रभावकारी हुनसक्छ र निश्चित् ब्याज दिइने त्यस्ता ऋणपत्र दोस्रो बजारमा पनि किनबेच गर्न सकिन्छ ।

**दुईवटै एक्सचेन्जमा एकै कम्पनी हुन्छन् कि छुट्टाछुट्टै ?**

हुन पनि सक्छन्। एकै कम्पनीले दुवैतिर सूचीकृत हुन पनि पाउँछन्। वा एउटा कुनैमा मात्र बस्न पनि पाउँछन् । प्रतिस्पर्धाका आधारमा जुन एक्सचेन्जले पारदर्शिता, जबाफदेहीता वा कम लागतका साथ राम्रो व्यवस्थापन दिन सक्छन् त्यतैपट्टि कम्पनीहरू आकर्षित हुने अवसर सिर्जना हुनसक्छ।

**लगानीकर्तालाई के फरक पर्छ? केमा ध्यान दिनुपर्छ?**

चाहे एउटा एक्सचेन्ज होस् वा दुईवटा लगानीकर्ताले लगानी गर्दा ती कम्पनीको वित्तीय विश्लेषण र जानकारी राखेर अनि बुझेर गर्नुपर्छ । आफूले लगानी गर्न खोजेको कम्पनीको आम्दानी सुनिश्चितता, नाफा गर्नसक्ने हैसियत, सञ्चालकहरू कस्ता छन् अनि प्रतिस्पर्धा कस्तो छ भन्ने जस्ता प्रश्नहरूको लेखाजोखा गरेरमात्र लगानी गर्नुपर्छ । दुईवटा एक्सचेन्ज हुँदा धेरै विकल्पहरू खुला हुने र दीर्घकालमा ब्रोकरेज शुल्कजस्ता लागत घट्ने सम्भावना बढ्छ ।

डिम्याट खाता अर्को चाहिन्छ?

चाहिँदैन । अहिलेकै डिम्याट खाताबाट दुवैतिर लगानी गर्न सकिन्छ । नयाँ कार्यविधि बनाउनु पर्ने हुन्छ। तर आधारभूत कुराहरू उही रहन्छन् ।

**ब्रोकरहरू छुट्टाछुट्टै हुन्छन् ?**

जुन एक्सचेन्जमा कारोबार गर्ने हो त्यसमा ब्रोकरहरूले दर्ता गर्नुपर्छ । दुवैमा दर्ता गरेर काम गर्न पनि पाइन्छ । एउटामा मात्र कारोबार गर्छु भने पनि पाइन्छ । तर अधिकांशको हकमा एउटामा मात्र ब्रोकर बन्छु भन्नु तर्कसङ्गत नहुनसक्ने हुनाले दुवैमा दर्ता हुने सम्भावना हुन्छ ।

**बजार विस्तार हुन्छ कि हुँदैन?**

अहिले नेप्सेमा कुल बजार पूँजीकरण २७ खर्ब रुपैयाँभन्दा बढी छ। त्यसमा जम्माजम्मी अढाइ सय कम्पनीमात्र सूचीकृत छन् । जबकी ठूला करदाता कार्यालयमा दर्ता भएका नै यहाँ १२ सय कम्पनी छन् । ती ठूला कम्पनीलाई एक्सचेन्जमा सूचीकृत हुन आकर्षित पार्न सके पारदर्शिता बढ्छ र समग्र लेखा प्रणालीमा सुधार हुन्छ । बलिया र स्थापित कम्पनी सूचीकृत हुँदा जनताको स्वामित्व धेरैभन्दा धेरै कम्पनीमा फैलन्छ ।

**कहिले स्थापना हुन्छ दोस्रो स्टक एक्सचेन्ज?**

दोस्रो स्टक एक्सचेन्ज स्थापना गर्न ३ वटा निवेदन परेका छन् । ती निवेदनलाई (धितोपत्र बोर्ड) सञ्चालक समितिले खोलेर अध्ययन गर्नेछ । प्राविधिक तथा वित्तीय रूपमा दस्तावेजहरू कति जटिल छन् भन्ने पनि समितिले हेर्नेछ । करिब १ महिनामा टुङ्गो लाग्ने बोर्डको अपेक्षा छ ।

# शेयर बजार १९ अङ्कले घट्यो

**काठमाडौँ ।** यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक १९ दशमलव ११ अङ्कले घटेर एक हजार आठ सय ७० दशमलव ६५ को विन्दुमा कायम भएको हो ।

आइतबार दुई सय ७१ कम्पनीको ३२ लाख छ हजार चार सय ५० कित्ता शेयर २६ हजार आठ सय एक पटक खरिद बिक्री हुँदा ९५ करोड ४३ लाख २२ हजार तीन सय ७७ रुपैयाँ बराबरको कारोबार भएको छ । आइतबार सेन्सेटिभ इन्डेक्स दुई दशमलव ९५ र फ्लोट इक्डेक्स एक दशमलव ३४ अङ्कले घटेको छ । त्यस्तै, सबै समूहका उपसूचक घटेका छन् । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ८७ दशमलव १७ र निर्जीवन बीमा समूहको उपसूचक ४६ दशमलव ६६ अङ्कले घटेको छ । आइतबार बैंकिङ समूह नौ दशमलव ४७, विकास बैंक समूह ४२ दशमलव ६७, वित्त समूह २०, होटल तथा पर्यटन समूह २६ दशमलव ९३ र जलविद्युत् समूह ४५ दशमलव ४४ अङ्कले घटेको छ । यसैगरी, लगानी समूह शून्य दशमलव ३३, उत्पादन तथा प्रशोधन समूह ४१ दशमलव २२, लघुवित्त समूह ३१ दशमलव ४३, म्युचुअल फन्ड शून्य दशमलव १९, व्यापार समूह ३५ दशमलव ४१ र अन्य समूह १८ दशमलव २८ अङ्कले घटेको छ । एनएमबी सुलभ इन्भेष्टमेन्ट फन्ड-२ को शेयर मूल्य सबैभन्दा धेरै तीन दशमलव ३३ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड ग्रोथ फन्डको शेयर मूल्य आठ दशमलव ८९ अङ्कले घटेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको चार करोड २५ लाख १० हजार आठ सय रुपैयाँ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याको आधारमा भने सबैभन्दा धेरै नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडको एक लाख ९५ हजार एक सय ७८ कित्ता शेयर किनबेच भएको छ ।

# वर्ल्डलिंक र पब्जी मोबाइलबीच सहकार्यको सम्झौता

**काठमाडौँ ।** विश्वको अग्रणी मोबाइल गेममध्येको एक पब्जी मोबाइल र इन्टरनेट सेवा प्रदायक वर्ल्डलिंकले आपसमा सहकार्य गर्ने भएका छन् ।

पछिल्लो समय नेपालमा मोबाइल गेमिङको व्यापक आकर्षण बढ्दै गइरहेको छ भने पब्जी मोबाइलका विश्वभर ५० लाखभन्दा धेरै प्रयोगकर्ता छन् ।

सम्झौता कार्यक्रममा बोल्दै वर्ल्डलिंकका प्रमुख कार्यकारी अधिकृत दिलिप अग्रवालले भने, 'मोबाइल गेमिङ मनोरञ्जनको मुख्य विषय बन्ने क्रममा, गेमिङ समुदायको आवश्यकताहरूलाई सम्बोधन गर्न र उनीहरूको गेमिङको जोशलाई अझै सशक्त रूपमा पूरा गर्न हामीले नवीनतम प्रविधिको साथ अगाडि बढ्नु आवश्यक छ ।'

आपसी सम्झौतामा हस्ताक्षर गर्दै कम्पनीहरुले साझेदारीलाई नेपालको मोबाइल गेमिङको




लागि एउटा अभूतपूर्व कदमको रूपमा लिएका छन् । र, यसले रोमाञ्चक गेमिङको जीवन्त अनुभवलाई आत्मसात गर्न तत्पर रहेको कम्पनीले बताएको छ ।

'थुप्रै विशेषता एवं सुविधाहरूका साथ, नेपाली मोबाइल गेमरहरूले पूर्ण रूपमा नयाँ तहको उत्साह एवं गेमिङको अनुभव प्राप्त गर्न सक्नुहुने छ जसले गेमिङ प्रतिको दृष्टिकोणलाई पूर्ण रूपमा परिवर्तन गर्नेछ,' अग्रवालले भने ।

यस साझेदारीको महत्वबारे बताउँदै टेन्सेन्ट साउथ एसिया पब्लिसिङका सहायक निर्माताले भने, 'मोबाइल गेमिङको इकोसिस्टम परिवर्तन ल्याई नयाँ ब्रान्डका रूपमा नेपाल हाम्रा लागि प्रमुख क्षेत्र बनेको छ । यो खेलको लोकप्रियता मात्र होइन, यस खेलका प्रतिभाहरुले ग्लोबल एस्पोर्ट्स इभेन्टहरूमा प्रतिस्पर्धा समेत गर्दै आएका छन् ।'

यो साझेदारीले नेपालमा मोबाइल गेमिङलाई अझ रोमाञ्चक बनाउने विशेष सुविधाहरू एवं विशेषताहरू

# उत्पादन र रोजगार लक्षित नीति, कार्यक्रम र बजेट ल्याउँछौं : प्रधानमन्त्री

**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कृषि उत्पादन र रोजगारी सिर्जनालाई केन्द्रमा राखेर नीति, कार्यक्रम र बजेट ल्याउने तयारी भइरहेको बताएका छन् ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा आइतवार किसान सङ्गठनका प्रतिनिधिसँगको संयुक्त भेटमा प्रधानमन्त्री दाहालले उत्पादन र रोजगारीलाई प्राथमिकता दिएर मात्रै समृद्धिको लक्ष्य हासिल हुने भएकाले सरकारले सोही अनुसार तयारी गरिरहेको बताए ।

'कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिएर मात्र समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ । यसपटकको नीति, कार्यक्रम र बजेटमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि नयाँ कार्यक्रम ल्याउने तयारी गरिरहेका छौँ । तपाईंहरूको ध्यानाकर्षण पत्रले पनि सरकारलाई नयाँ ढङ्गले सोच्न सहयोग पुग्ने ठानेको छु । उत्पादनमा सम्पूर्ण तागत केन्द्रित नगरी राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्न सकिँदैन', उनले भने ।

नेपालको कम्युनिस्ट आन्दोलन किसान आन्दोलनको जगमा उभिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रजातान्त्रिक आन्दोलनको जग पनि किसान आन्दोलन भएको उल्लेख गरे ।

'आजको परिस्थितिमा उत्पादन पद्दतिमा फेरबदल आएको छ । वैदेशिक रोजगारीले कृषिप्रतिको आकर्षण घटेको छ । तर, आज पनि अर्थतन्त्रको मुख्य मेरूदण्ड कृषि नै हो । यसलाई व्यवस्थित गर्नेतर्फ मेरो जोड रहन्छ', उनले भने- 'कतिपयले सरकारका राम्रा काम नदेखिरहेका छैनन । तर, चार महिनामा निकै राम्रा काम भएका छन् । लक्ष्यअनुसार नभए पनि राजस्व संकलनमा राम्रो सुधार आएको छ । विदेशी मुद्राको सञ्चिति उत्साहवर्द्धक रूपमा बढेको छ ।' पर्यटक आउने क्रममा सुधार आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले अर्थतन्त्रका अधिकांश सूचकमा सकारात्मक सुधार आएको बताए । 'म सम्पूर्ण रूपले अर्थतन्त्रमा सुधार ल्याउन छलफल र अन्तरक्रियामा छु । केही समयमा सकारात्मक नतिजा देखिन्छ', उनले भने-'केही समयमा सकारात्मक नतिजा देखिन्छ ।' लघुवित्त र सहकारीलाई श्रम तथा उत्पादनमा केन्द्रित गर्नुपर्नेमा प्रधानमन्त्री दाहालले जोड दिए ।

उनले भने, 'लघुवित्त र सहकारी वित्तीय कारोबारमा संलग्न हुँदा एकातर्फ वित्तीय अराजकता र नियमनमा समस्या देखिएको छ, अर्कोतर्फ उत्पादनको क्षेत्र ओझेल परेको छ । यिनीहरूलाई श्रम र उत्पादनको क्षेत्रमा केन्द्रित गर्नुपर्छ । नीतिमा नै आवश्यक व्यवस्था गरेर यससम्बन्धी समस्या समाधान गर्छौं ।'

भेटमा ६ किसान सङ्गठनमा आवद्ध किसान मोर्चाका नेताहरूले कृषि क्षेत्रलाई प्राथमिकता र किसानको सम्मानमा सरकारले ध्यान दिनुपर्ने जिकिर गर्दै प्रधानमन्त्री दाहालसमक्ष ध्यानाकर्षण पत्र पेस गरेका थिए ।

# दरबन्दी समस्याले शैक्षिक गुणस्तरीयता बढेन



**मधेशदृष्टि**
**जनकपुरधाम, १७ वैशाख ।** कानुन अभाव र शिक्षक दरबन्दीको समस्याले शैक्षिक गुणस्तरीयता बढ्न नसकेको सरोकारवाला निकायहरुले बताएका छन् ।

आइतबार जनकपुरधाममा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा केन्द्रका उपमहानिर्देशक तथा प्रवक्ता रुद्र प्रसाद अधिकारीले संघीय शैक्षिक कानून आभाव र दशकौंदेखि रहेको शिक्षक दरबन्दी समस्या समाधान नहुँदा शिक्षाको स्तर अघि बढन नसकेको बताए ।

उनले भने 'शिक्षालाई स्थानीय तहमा गाभियो, तर संघीय सरकारले नै कानून निर्माण गर्न नसक्दा अन्य तहका सरकारले समेत कानून निर्माण नगर्दा शिक्षामा समस्या आइरहेको छ । २०७५ साल देखिनै ५३ हजार शिक्षकको दरबन्दी देशमा परिपुर्ती गर्न वाँकी रहेकोले नयाँ दरबन्दी थप गर्न सकिएको छैन ।' केन्द्रका उपमहानिर्देशक तथा प्रवक्ता अधिकारीले शिक्षा क्षेत्रमा एक त नेपाल सरकारको बजेट प्रयाप्त नहुने बैदेशिक दातृ निकायबाट पाएको अनुदान र सहयोगको कार्यान्वयनमा पनि आफनै किशिमको प्राविधिक जटिलता, दातृ निकायको सर्वेक्षण र त्यसमा स्थानिय तहको समन्वय र सफलतामा भर पर्ने भएकाले जटिल विषय बनेको बताए ।

कार्यक्रममा उपमहानिर्देशक तथा प्रवक्ता अधिकारीले प्रस्तुत गरेको कार्यपत्रमा शिक्षा क्षेत्रमा बिनियोजन हुने गरेको बजेट, त्यसमा नेपाल सरकार र दातृ निकायको योगदान र कार्यान्वयनको जटिलता, देशको कुल बजेट र शिक्षाको बजेटका साथै देशमा रहेको सामुदायिक विद्यालयहरुको संख्या, अवस्था सहितका समग्र विषयलाई समेटिएको थियो ।

कार्यक्रममा केन्द्रका निर्देशक तथा सुचना अधिकृत सुरेश कुमार जोशी सहित नेपाल पत्रकार महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामत सहित धनुषाका एक दर्जन पत्रकारहरुको सहभागिता थियो ।

# विद्युत् प्राधिकरणका कर्मचारीलाई लाग्यो चुनाव

**काठमाडौं ।** देशकै सबैभन्दा ठूलो सार्वजनिक संस्थान नेपाल विद्युत् प्राधिकरणका कर्मचारीलाई यतिबेला चुनाव लागेको छ । आधिकारिक ट्रेड युनियन चयनका लागि हुन लागेको निर्वाचनका लागि संस्थानमा क्रियाशील ट्रेड युनियन नेतृत्व लिनका लागि प्रचारप्रसारमा केन्द्रित छन् ।

यही वैशाख २८ गते हुने निर्वाचनका लागि चार वटा ट्रेड युनियनका अगुवा प्राधिकरणको देशभर रहेका कार्यालय पुगी मत माग्न लागिपरेका छन् । प्राधिकरणमा क्रियाशील ट्रेड युनियनमध्येबाट आधिकारिता प्राप्त गरेपछि दुई वर्षका लागि निर्वाचन हुन लागेको हो ।

प्राधिकरणको आधिकारिक ट्रेड युनियन निर्वाचन-२०८० निर्वाचनका लागि देशभरका आठ हजार पाँच सय बढी कर्मचारीले मतदान गर्नेछन् ।




जनताको आवश्यकता पूरा गर्न तथा रोजगारी सिर्जना गर्न र देशको आर्थिक समृद्धिका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको प्राधिकरणको गतिविधिलाई थप प्रभावकारी तुल्याउनका लागि आधिकारिक ट्रेड युनियनको निर्वाचन हुँदै आएको छ । शतप्रतिशत नेपाल सरकारको स्वामित्व रहेको प्राधिकरणले हरेक नागरिकको घरमा उज्यालो मात्रै पुऱ्याएको छैन, देशको समृद्धिमा योगदानसमेत गर्दै आएको छ । राष्ट्रिय कर्मचारी युनियनका वरिष्ठ उपाध्यक्ष माधव अधिकारीले संस्थाको गर्विलो इतिहासलाई अझ उजिल्याउने कार्यमा योगदान पुऱ्याउने उद्देश्यका साथ आफूहरु निर्वाचनमा होमिएको बताए । आधिकारिक ट्रेड युनियनको निर्वाचन २०७६ सालमा भएको थियो । त्यो बेलाको निर्वाचन राष्ट्रिय कर्मचारी युनियनले जितेको थियो । प्रत्येक दुई वर्षमा हुनुपर्ने निर्वाचन कोभिड-१९ महामारी र आम निर्वाचनका कारणपछि सरेको थियो । निर्वाचित ट्रेड युनियनको प्रतिनिधि प्राधिकरणको सर्वोच्च कार्यकारी निकाय सञ्चालक समितिमा आमन्त्रित सदस्यका रुपमा रहन पाउने कानुनी व्यवस्था छ ।

राष्ट्रिय कर्मचारी युनियनले आधिकारिता प्राप्त गरेसँगै कर्मचारीको सेवा सुविधा बृद्धि गर्नेमात्र नभइ संस्थाको समृद्धिको योजना पेश गर्ने र आम ग्राहकहरूले पनि गुणस्तरीय सेवा सुनिश्चितताका लागि काम गरेको वरिष्ठ उपाध्यक्ष अधिकारीले बताए । उनले भने, 'सहज सेवा, स्वच्छ विचार जस्ता कार्यक्रम सञ्चालन गरेर हरेक कार्यालयमा एकद्वार प्रणाली लागू गरेका छौँ । ग्राहकलाई खानेपानी, फोटोकपी र टेलिभिजनको व्यवस्था कायम गरियो । कार्यालय सफा र स्वच्छ राख्ने एवं प्रतिक्षालय राख्नेजस्ता महत्वपूर्ण रचनात्मक कार्य गरेका छौँ ।' प्राधिकरणले नेपाल सरकारबाट पाउनुपर्ने विभिन्न रकम नपाएको अवस्थामा खबरदारी गरेर त्यस्ता रकम उपलब्ध गराउन राष्ट्रिय कर्मचारी युनियनले गरेको उनको भनाइ छ । चुहावट नियन्त्रण, डिजिटल कार्यक्रमजस्ता महत्वपूर्ण कार्यक्रम लागू गर्न आधिकारिक ट्रेड युनियनले पहल गरेको, कर्मचारीका हकहित, सेवासुविधाका लागि निरन्तर आवाज उठाउन इमान्दारीपूर्वक काम गरेकै कारण आगामी दिनमा पनि राष्ट्रिय कर्मचारी युनियन नै निर्वाचित हुने उहाँले विश्वास विश्वास गरे ।

त्यसैगरी कर्मचारी सङ्घका अध्यक्ष जनार्दन भट्टराईले संस्थाको स्थायित्व र कर्मचारीको सेवासुविधाका विकासको एजेण्डा लिएर आधिकारिक ट्रेड युनियनको निर्वाचनमा आफूहरु लागेको बताए । उनले प्राधिकरणको सर्वोपरी हित र कर्मचारीको वृत्तिविकासका लागि केन्द्रित रहेको उल्लेख गरे ।

विद्युत् प्राधिकरणमा स्थायी, अस्थायी र ज्यालादारी गरेर झण्डै १२ हजार कर्मचारी छन् । यद्यपि प्राधिकरणको स्थायी ११ हजार दरबन्दी छ ।

निर्वाचनमा एक तहदेखि नौ तहसम्मका कर्मचारीले मतदान गर्न पाउँछन् । कार्यालय प्रमुख, बजेट केन्द्र प्रमुख र १० तहदेखिका कर्मचारीले मत दिन भने पाउँदैनन् ।प्राधिकरणमा कर्मचारी कल्याण परिषद् कर्मचारी सङ्घ, राष्ट्रिय कर्मचारी युनियन र कर्मचारी युनियन क्रियाशील छन् ।

## मधेश प्रहरी चाहियो........

छ । यसको जिम्मेवार को ? हामीसँग त कुनै निकाय नै छैन । प्रदेश सरकार त मूकदर्शक बनेर बसेको छ । मैले आलोचना गरेको होइन । सही कुरा भन्दैछु । यो भन्दा पहिला म सभामुख पनि थिएँ । प्रदेशमा कुनै ठाउँमा डकैती हुँदा, कुनै ठाउँमा अपहरण अथवा बलात्कारका घटना हुँदा माननीयज्यूहरुले प्रदेश सभामा आवाज उठाउनु हुन्थ्यो । म रुलिङ पनि गर्थें । पछि प्रदेशको गृहमन्त्रीसँग सोध्दा उनलाई त त्यो घटनाबारे केही थाहा नै हुँदैन्थ्यो ।' उनले प्रदेश प्रहरी समायोजन नहुँदा प्रदेश सरकार निरीह भएको बताए । उनले भने, 'हामीसँग प्रहरी परिचालनका लागि अधिकार छैन, न त समन्वय नै छ । मै सभामुख हुदाँ आफ्नो गाउँ गएको थिएँ, खल्तीबाट ५० हजार रुपैयाँ हरायो, मुख्यमन्त्री भएर भर्खर गएको थिएँ, बिहीबार मात्रै घरभन्दा दुई किलोमिटर टाढा उपेन्द्र यादवज्यूको विजयी जुलुस थियो । त्यो दिन पनि खल्तीबाट पैसा चोरी भयो, मुख्यमन्त्रीको खल्तीबाट पैसा चोरी हुने ठाउँमा अरुको सुरक्षा के भयो होला र ?' उनले सरकारले कर्मचारी र प्रहरी समायोजन गरे प्रदेशमा २४ घण्टाभित्र सबै पीडितलाई न्याय दिलाएर दोषीलाई कालकोठरीमा बन्द गरिदिने बताए । उनले भने, 'मिटरब्याजी जस्तै पीडित भएर यो कुरा राखेको हुँ । मिटरब्याजीभन्दा पनि बढी पीडित म छु ।' उनले प्रदेशका सबै जनता पीडित भएको, नागरिकता लिन पाँच दिन लाग्ने गरेको, ड्राइभिङ लाइसेन्स लिन ६ महिनाभन्दा बढी समय लगाउने गरेको बताए ।

## होटललाई उद्योगसरह ........

मन्त्रालयसँग समेत समन्वय गरी तत्काल आवश्यक प्रक्रिया अगाडि बढाइने प्रतिवद्धता व्यक्त गरे । कोरोना कालपछि सुस्ताएको होटल तथा पर्यटन व्यवसायलाई चलायमान बनाउन सके मुलुकको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्ने हुँदा यसतर्फ सरकार गम्भीर रहेको मन्त्री रिजालले बताए । होटल तथा पर्यटन व्यवसायी संघ वीरगंजका अध्यक्ष हरि पन्तको नेतृत्वमा गएका व्यवसायीले बुझाएको ज्ञापनपत्रमा सरकारले होटल तथा पर्यटन व्यवसायलाई उद्योगसरह मान्यता दिए सरकारबाट होटल तथा पर्यटन व्यवसायले विभिन्न सुविधा र सहुलियत पाउने र हाल सुस्ताएको होटल तथा पर्यटन व्यवसाय लयमा फर्कन मदत पुग्ने उल्लेख गरिएको छ । ज्ञापनपत्रमा पछिल्लो एकदशक यता विभिन्न कारण होटल तथा पर्यटन व्यवसाय नराम्ररी प्रभावित हुँदै आएका कारण अर्बौं रुपैयाँ लगानी संकटमा परेको उल्लेख छ ।

सरकारले उद्योगसरह मान्यता दिए बन्द हुने अवस्थामा पुगेका होटल तथा पर्यटन व्यवसायले विद्युत् महसुललगायत विभिन्न करमा उद्योगसरह सहुलियत र सुविधा पाउने र त्यसले व्यवसाय फेरि चलायमान बन्न सक्ने विषयमा व्यवसायीले मन्त्री रिजालको ध्यानकर्षण गराएको होटल तथा पर्यटन व्यवसायी संघ वीरगंजका अध्यक्ष पन्तले बताए । देशभर करिब ८० हजारका हाराहारीमा रहेका होटल तथा पर्यटन व्यवसायमा लगानीकर्ता र मजदुरसहित आठ लाख व्यक्ति आश्रित रहेकाले तत्काल होटल तथा पर्यटन व्यवसायको प्रवर्द्धनका लागि सरकारले ठोस पहलकदमी लिन व्यवसायीले माग गरेका छन् ।

# कीर्ते धनीपुर्जा बाँडेर सुकुम्वासीसँग लाखौं असुली

**झापा ।** जग्गाको नक्कली धनीपुर्जा दिएर मेचीनगर नगरपालिका-५ मेचीडाँडाका ६० परिवारसँग रकम असुली गरेको आरोपमा दुई व्यक्ति पक्राउ परेका छन् । आरोपीले पीडितसँग लाखौं रकम असुलेको पाइएको छ । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्र रिजालका अनुसार जग्गाको नक्क्ली धनीपुर्जा बनाएर दिएको आरोप लागेका मेचीनगर-६ का ७५ वर्षीय भूपध्वज दाहाललाई प्रहरीले आइतवार पक्राउ गरेको छ ।

अर्का आरोपी सोही वडाका ७३ वर्षीय ज्ञानबहादुर गिरी केही दिनअघि नै पक्राउ परेका थिए । वर्षौंदेखि ऐलानी जग्गामा बसोबास गर्दै आएका मेची डाँडाका सुकुम्वासी परिवारसँग जग्गाको धनीपुर्जा थिएन । धनीपुर्जा बनाएर घरमै ल्याइदिने भन्दै स्थानीय तीन जनाले रु १० हजारदेखि ७० हजारसम्म रकम असुली गरेको पीडितको भनाइ छ । आरोपीमध्ये फरार एक जनाको खोजी कार्य भइरहेको प्रहरीको भनाइ छ ।

छ महिनाअघि जग्गाधनीको फोटो टाँसिएको र रातो मसीले सही गरिएको सरकारी छापसहितको जग्गा धनीपुर्जा पाउँदा स्थानीय सुकुम्वासी दङ्ग थिए । तर, उनीहरूको यो खुसी लामो समय टिकेन । डेढ महिनाअघि केही जग्गाधनीले मेचीनगर-६ को वडा कार्यालयमा एकीकृत सम्पत्ति कर तिर्न जाँदा सो धनीपुर्जा नक्कली भएको खुलासा भएको थियो । वडामा जाँदा मात्रै सुकुम्वासीले धनीपुर्जाको नाममा ठगिएको पत्तो पाएका थिए ।

रकम असुलेर नक्कली धनीपुर्जा दिने व्यक्ति विरुद्ध पीडितले जिल्ला प्रशासन कार्यालय झापामा किटानी उजुरी दिएका छन् भने जिल्ला प्रशासनले घटनाको अनुसन्धान गर्न प्रहरी निकायलाई निर्देशन दिएको छ । ऐलानी तीन धुर जग्गामा बसोबास गर्दै आउनुभएकी मेचीनगर-६ की सरस्वती बरालले वडा कार्यालयमा तिरो बुझाउन जाँदा त्यहाँका कर्मचारीहरूले धनीपुर्जा नक्कली भएको जानकारी गराएको बताऐ ।

'गाउँकै भूपध्वज दाहाल र ज्ञानबहादुर गिरीले 'रु ५० हजार दिनू, धनीपुर्जा बनाएर ल्याइदिन्छु' भनेपछि रु ३५ हजार बुझाएको थिएँ', ठगीको शिकार हुनुभएकी सरस्वती बरालले भने, 'वडामा तिरो बुझाउन जाँदा पो धनीपुर्जा नक्कली हो भनिदिए । मेरो पैसा पनि गयो, धनीपुर्जा पनि कीर्ते पऱ्यो ।'

वडा कार्यालयका कर्मचारीले कम्प्युटरमा धनीपुर्जाको कित्ता नम्बर भिडाउँदा नभेटिएपछि पीडित बराल वडा कार्यालयमै केही बेर बेहोस हुनुभएको थियो । सो बस्तीका ५९ जनाले वडा कार्यालयमा गएर धनीपुर्र्जाको कित्ता नम्बर भिडाउँदा नभेटिएपछि गाउँमा बाँडिएका सबै धनीपुर्र्जा कीर्ते भएको प्रमाणित भएको थियो । हाल सो गाउँका पीडितको रुवाबासी छ । कतिले चर्को ब्याजमा ऋण काढेर धनीपुर्जाका लागि रकम बुझाएका थिए ।

धनीपुर्जा बनाइदिन्छु भनेर रकम असुली गर्ने विरुद्ध पीडितले गत चैत १७ गते वडा कार्यालयमा उजुरी दिएका थिए । वडाले पीडितको रकम फिर्ता गराउनका लागि गरेको प्रयास असफल भएपछि जिल्ला प्रशासन कार्यालयलाई पीडितले गुहारेका हुन् । अब यो मुद्दा प्रशासनको न्यायिक कठघरामा पुगेको छ । गिरी र दाहालका परिवारले पीडितलाई आधा रकम फिर्ता गरिदिने भन्दै वैशाख १० गते गाउँमै छलफल चलाएर घटनालाई सामसुम पार्न खोजेका थिए । छलफलमा सहमति भएअनुसारको म्यादभित्र रकम फिर्ता भएन । पीडित अहिले न्याय खोज्दै जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय धाइरहेका छन् । सोही ठाउँकी अर्की पीडित मीना खनालले रु ६५ हजार दिएपछि आरोपीहरूले छ धुरको धनीपुर्जा बनाएर ल्याइदिएको बताए ।

रकम असुली र धनीपुर्जा लेनदेनमा वृद्ध व्यक्ति प्रत्यक्षरूपमा जोडिएता पनि कुनै ठूलो गिरोह यस धन्धामा संलग्न हुनसक्ने पीडितले आशङ्का गरेका छन् । नेकपा (एमाले) मेचीनगरले एक प्रेस विज्ञप्ति प्रकाशित गरी कीर्ते धनीपुर्र्जा बनाएर सुकुम्वासीसँग रकम असुलिएको घटनाको गहिरो छानबिन हुनुपर्ने माग गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी रिजालले ठगिएको भन्दै उजुरी दिन आउने पीडित बढिरहेको बताए । पक्राउ परेका आरोपीविरुद्ध कीर्ते जालसाझी मुद्दाअन्तर्गत कानूनी कारबाही हुने उनले बताए ।

## 'अनुचित लेनदेन ........

सरकारलाई कुनै प्रकारका अनुचित कारोबार सह्य नहुने स्पष्ट पारे । 'लाखौं शोषित पीडत जनताको योगदानबाट देशमा परिवर्तन आएको छ तर पनि समाजमा विभिन्न नामका उत्पीडन, शोषण र सामन्तवादका अवशेष बाँकी छन्, त्यसैको एउटा स्वरुप मिटरब्याज समस्या पनि हो । वर्तमान सरकारको प्रमुख प्राथमिकता सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न संविधानले परिकल्पना गरेको सामाजिक न्यायसहितको समृद्धि हासिल गर्नु हो र यसमा हामी प्रतिवद्ध छौं ।'

कार्यालय उद्घाटन कार्यक्रममा उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग विशेष प्राथमिकता र उद्देश्यसहित स्थापना गरिएकाले सबै तहका सरकार, सुरक्षा अङ्ग र राजनीतिक दलहरुलाई सहयोगका लागि अपिल गरे । मिटरब्याज पीडित संघर्ष समितिसँग भएको पाँच बुँदे समझदारीअनुसार सरकारले विशेष संकल्पसहित पाँच वटा काम गर्न लागेको श्रेष्ठले जानकारी दिए ।

यसैगरी, पीडकको कुनै पार्टी नभए पनि विभिन्न बाहनामा राजनीतिक संरक्षण गर्ने, प्रहरी, प्रशासनले पनि पीडितका मुद्दालाई गम्भीरतापूर्वक नलिने परिपाटीलाई पनि वर्तमान सरकारले भत्काउने भन्दै श्रेष्ठले सहयोगका लागि सबै राजनीतिक दल एवम् सरकारका संयन्त्रलाई अपिल गरे ।

कार्यक्रममा आयोगका अध्यक्ष बद्रीबहादुर कार्कीले मधेश प्रदेशको राजधानी जनकपुरधाममा केन्द्रीय कार्यालय स्थापना गरेर काम सुरु भइसकेकाले सबै सरोकारवालालाई सहयोगका लागि आग्रह गरे । उनले आयोगले सुक्ष्मरुपमा समस्याको अध्ययन अनुसन्धान गरी त्यसको समाधान हुने गरी काम गर्ने प्रतिवद्धतासमेत व्यक्त गरे ।

कार्यक्रममा नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका उपनेता दिपेन्द्र ठाकुर, नेकपा (माओवादी केन्द्र) मधेश प्रदेश संसदीय दलका नेता भरतप्रसाद साह, जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवले अनुचित लेनदेनसम्बन्धी समस्या समाधानका लागि पार्टीको तर्फबाट सम्पूर्णरुपमा सहयोग गर्न तयार रहेको प्रतिवद्धता व्यक्त गरे ।

मिटरब्याज पीडितको तर्फबाट मनोज पासवानले पाँच बुँदे समहति कार्यान्वयनका लागि सरकारले देखाएको तत्परताका लागि धन्यवाद दिए । उनले करिब ९० प्रतिशत पीडित ठोस् प्रमाणको अभावमा थप अन्यायमा परेकाले यसलाई गम्भीरतापूर्वक समाधानका लागि आयोगले ध्यानदिनुपर्ने बताए ।

यसअघि न्यायका लागि मधेश प्रदेशका विभिन्न जिल्लाबाट पदलै राजधानी काठमाडौं गएका मिटरब्याज पीडितसँग चैत १८ गते सरकारले पाँच बुँदे सम्झौता गरेको थियो । सोही सम्झौताअनुसार प्रशासकीय अदालतका पूर्वअध्यक्ष बद्रीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको छ ।

**सुरक्षा समिति बैठक**

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले शान्ति जनताले शान्ति सुरक्षाको अनुभूति गर्न प्रहरी प्रशासनको व्यवहारमा परिवर्तन ल्याउनु आवश्यक रहेको बताएका छन् ।जनकपुरधाममा आइतबार प्रदेश स्तरीय सुरक्षा समितिको बैठकमा प्रहरी प्रशासनको व्यवहारमा परिवर्तन ल्याउनुपर्ने गृहमन्त्री सामु उपस्थित सुरक्षा निकायका प्रतिनिधिले संकल्प गरे ।

बैठकबाट राष्ट्र र जनताको सेवाका लागि प्रहरी प्रशासन, भ्रष्टाचार र अनियमितताको नियन्त्रण, मिटरब्याज, समस्या, समाधान र पिडितलाई न्याय, देश र समाजका देखिएका दलितलाई हुने विभेद, महिला हिंसा, लागुऔषधका साथै अन्य अपराधकर्मविरुद्व संकल्प लिइएको जनाइएको छ ।

बैठकमा गृहमन्त्री, नेपाल प्रहरी, सशस्त्र प्रहरीका महानिरीक्षक, मधेश प्रदेशका डिआइजी, प्रदेशको आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, अनुसन्धानका प्रमुख लगायत प्रहरी प्रशासनको उपस्थिति थियो ।

# कसरी भारतका गभर्नर जनरलले सती प्रथा रोक्ने लडाइँ जिते ?



**जनकपुरधाम ।** सन् १८२९ को डिसेम्बरमा ब्रिटिश शासित भारतका पहिलो गभर्नर जनरल लर्ड विलियम बेनटिङ्कले विधवा महिलालाई उनका दिवङ्गत पतिसँगै जलाइने प्राचीन हिन्दू अभ्यास - सती प्रथा - लाई प्रतिबन्धित गरिदिए । तत्कालीन बेङ्गालका गभर्नर जनरल बेनटिङ्कले ४९ जना वरिष्ठ सैन्य अधिकृत तथा पाँचजना न्यायाधीशसँग परामर्श लिएपछि "ब्रिटिश शासनमै लागेको नराम्रो दाग" हटाउने समय आएको ठाने। उनले ल्याएको नयाँ नियममा सती प्रथा "मानवीय स्वभावले नै घृणित ठानेको" भन्दै त्यसले कैयन् हिन्दूहरूलाई स्तब्ध पार्दै आएको अनि "अवैध तथा दुष्ट कार्य" भएको उल्लेख थियो । उक्त नियमले विधवा जलाउने कार्यमा उनको इच्छासहित वा रहित जेसुकै भए पनि सघाएको पाइएमा त्यो काममा सामेलहरूविरुद्ध हत्यासम्मको अभियोग लाग्ने बनायो। अर्थात् यदि कसैले नशामा लट्ठ पारेर वा अन्य किसिमबाट आफ्नो स्वतन्त्र इच्छा अभ्यास गर्न नसक्ने परिस्थितिमा रहेका विधवालाई जिउँदै जलाउने कार्य बलपूर्वक गरेको वा त्यसलाई सघाएकोमा दोषीहरूलाई अब अदालतले मृत्युदण्ड पनि दिन पाउँथ्यो । सती प्रथाविरुद्ध लागिपरेका भारतीय सुधारवादीहरूले सुझाव दिँदै आएको क्रमिक सुधारभन्दा पनि बेनटिङ्कको कानुन निकै कडा थियो । उक्त कानुन ल्याइएपछि राजा राममोहन रोयको नेतृत्वमा ३ सयजना प्रतिष्ठित हिन्दूहरूले "हामीमाथि जानाजान महिलाहरूको ज्यान लिएको दोष लाग्ने गरेको परिस्थितिबाट सदाका निम्ति छुटकारा दिलाएकामा" उनलाई धन्यवाद दिए ।

पुरातनपन्थी हिन्दूहरूले भने त्यसको विरोध गर्दै बेनटिङ्क समक्ष निवेदन दिए। सती प्रथा हिन्दू धर्मअन्तर्गत गर्नैपर्ने कर्तव्य नभएको भन्ने उनको जिकिरलाई तिनले शास्त्र र विज्ञहरूलाई उद्धृत गर्दै चुनौती दिएका थिए। तर बेनटिङ्क टसको मस भएनन् । निवेदकहरू प्रिभि काउन्सिल समक्ष पनि पुगे जसलाई ब्रिटिश उपनिवेशहरूमा अन्तिम अदालत मानिन्थ्यो। सन् १८३२ मा उक्त काउन्सिलले पनि सती प्रथा समाजविरुद्धको नाङ्गो अपराध भन्दै नयाँ कानुनकै पक्षमा मत दियो । 'सन् १८२९ मा जुन सशक्त शैलीमा उक्त कानुन ल्याइयो त्यो १९० वर्षको औपनिवेशकालीन शासनमा पुरातनपन्थीहरूको भावनालाई पूरै बेवास्ता गर्दै ल्याइएको पहिलो त्यस्तो सामाजिक कानुन थियो,' भारतमा जात व्यवस्थाको इतिहास समीक्षा गरिएको कास्ट प्राइड नामक नयाँ पुस्तकका लेखक मनोज मित्ताले भने ।

मित्ता भन्छन्, 'ब्रिटिश साम्राज्यमाथि गान्धीले नैतिक दबाव दिनुभन्दा निकै अघि बेनटिङ्कले उस्तै शक्तिलाई सती प्रथासँग गाँसिएका जातीय तथा लैङ्गिक पूर्वाग्रहविरुद्ध प्रयोग गरेका थिए ।' 'शासितहरूकै नैतिक क्षयीकरण गराइरहेको उक्त स्थानीय अभ्यासलाई अपराध करार गरेर औपनिवेशिक शासकहरूले नैतिक विजय हासिल गरे,' उनी लेख्छन् ।

**थोमस मकउले**

तर सन् १८३७ मा बेनटिङ्कले बनाएको कानुनलाई अर्का ब्रिटिश अधिकारी तथा भारतीय दण्ड संहिताका लेखक थोमस मकउलेले अलि खुकुलो पारिदिए । उनका अनुसार यदि कसैले विधवाकै इच्छाबमोजिम आगो लगाएको प्रमाण दिन सके उसलाई कडा कानुन लाग्दैन। एक मस्यौदा टिपोटमा उनले महिलाहरू "धार्मिक कर्तव्य वा सम्मानप्रतिको गहिरो अनुभूतिका कारण" सती जान इच्छुक भएका हुन सक्छन् । मित्ताले चाहिँ मकउलेको सोच दशकौँपछिका ब्रिटिश शासकहरूसँग पनि मिल्दोजुल्दो भएको पाए । सन् १८५७ मा भएको सिपाही विद्रोहमा हिन्दू तथा मुस्लिम सिपाहीहरूले ब्रिटिश इस्ट इन्डिया कम्पनीविरुद्ध विद्रोह गरे । बन्दुकका कार्टिरजलाई उनीहरूका धर्मले वर्जित गरेका पशुको बोसोले चिल्लो पार्ने गरिएको भन्दै ती सिपाही विद्रोहमा उत्रिएका थिए। त्यसपछि सती प्रथाबारे पनि खुकुलो पारिएका प्रावधान लागु गरिए किनकि त्यसले उच्च जातका हिन्दूहरूलाई आफ्नो पक्षमा पारिराख्ने औपनिवेशिक रणनीतिको पृष्ठपोषण गर्दथ्यो।सन् १८६२ को नियमले पुरानो कडा कानुनलाई विस्थापित गरिदियो। अब आरोपितहरूले पीडित महिलाकै इच्छा बमोजिम तिनको जीवन समाप्त पारिएको भन्न पाए। अर्थात् अब त्यो हत्या हैन कि आत्महत्या हुने भयो । मित्ता ठान्छन् सती प्रथा बन्देज लगाउने कडा कानुनका साथै जातबाट निकालिएका वा धर्म त्यागेका हिन्दूहरूलाई पनि सशक्त बनाउने र तिनको पैतृक सम्पत्तिमाथि अधिकार निश्चित गर्ने गरी ल्याइएको सन् १८५० को कानुन र विधवाले पुनर्विवाह गर्न पाउने सन् १८५६ को अर्को कानुन विरुद्ध सुषुप्त रूपमा रहेका गुनासो र विरोधका कारण पनि त्यसलाई खुकुलो पारियो ।

**उच्च जातका हिन्दू सिपाही**

सो कानुन खुकुलो पारिनुको तत्कालीन कारण भने "उच्च जातका हिन्दू सिपाहीहरूमा व्याप्त आक्रोश" नै हो जुन समूह गाईको बोसो तिनीहरूले प्रयोग गर्ने बन्दुकको कार्टिरजमा लगाइने गरेका विवरणबाट क्रुद्ध थिए । सन् १८२९ र १८६२को बीचमा सतीको अपराधलाई हत्याबाट आत्महत्या दुरुत्साहनमा झारियो। 'सन् १८२९ यता अलि कम अभ्यास हुन थाले पनि भारतका निश्चित ठाउँहरूमा खासगरी उच्च जातका मानिसहरूले सती प्रथाको गुणगान गाउन छाडेनन्,' मित्ता भन्छन् ।

**मोतीलाल नेहरू**

यो कहानीले त्यतिखेर एउटा अनौठो मोड लियो जतिखेर वकिल-राजनीतिज्ञ मोतीलाल नेहरूले सन् १९१३ मा सतीको मामिलामा मुद्दा खेपेका ६ जना उच्च जातका पुरुषका पक्षमा पैरवी गर्न उत्तर प्रदेशको एउटा अदालतमा उपस्थिति जनाए । मोतीलाल नेहरूले भारतीय राष्ट्रिय कांग्रेसमा रहेर ब्रिटिश शासनबाट स्वतन्त्रताका निम्ति महत्त्वपूर्ण भूमिका खेल्दै आएका थिए । ती पुरुषले 'विधवाको धर्मका कारण आगो आफैँ सल्किएको' जिकिर गरेका थिए । तर न्यायाधीशले ईश्वरीय हस्तक्षेपको तर्कलाई अस्वीकार गरे । तिनले त्यस्ता तर्कको निन्दा गर्दै आत्महत्या दुरुत्साहनमा तिनलाई दोषी ठहऱ्याए। दुईजना पुरुषलाई त चार वर्षको जेल सजाय नै भयो ।

**राजीव गान्धी**

उक्त घटना भएको ७० वर्षभन्दा धेरै पछि सतीको कहानीमा अर्को अन्तिम मोड आयो। सन् १९८७ मा मोतीलाल नेहरूकै पनाति राजीव गान्धीको नेतृत्वको सरकारले सती प्रथाको महिमामण्डन गरिने समेतको कार्यलाई अपराध करार गर्ने कानुन पहिलोपल्ट ल्यायो ।

सती प्रथाको समर्थन गर्ने वा त्यसको औचित्य पुष्टि गर्न प्रयास गर्ने वा त्यसलाई फैलाउने मानिसहरू समेतलाई सात वर्ष सम्मको जेल सजाय हुनसक्ने सो कानुनमा उल्ले थियो। सती प्रथा प्रोत्साहित गर्नेलाई मृत्युदण्डको सजाय हुने पनि उल्लेख गरियो । राजस्थान राज्यको एउटा सानो ग्रामीण बस्तीमा किशोरी दुलही रूप कँवरलाई सती पठाइएको घटनाले उब्जाएको व्यापक आक्रोशपश्चात् सो कडा कानुन ल्याइएको थियो । भारतमा त्यो नै विवरणमा दाखिल अन्तिम सती घटना थियो। मित्ताका अनुसार सन् १९४७ को भारतीय स्वतन्त्रतापश्चात् त्यहाँ भएको त्यो ४१औँ सती मामिला थियो । राजीव गान्धीको कानुनले बेनटिङ्ककै कानुनबाट प्रस्तावना झिकेको थियो । 'एक किसिमले यो उपनिवेशबाट स्वतन्त्र भएको मुलुकले उसका पुराना औपनिवेशिक शासकहरूप्रति प्रकट गरेको श्रद्धा पनि थियो,' मित्ताले भने ।

# ओमान वरीयताका आधारमा तेस्रो स्थानमा विजयी



**काठमाडौं ।** एसीसी प्रिमियर कप अन्तर्गत तेस्रो स्थानका लागि भएको ओमान र कुवेतबीचको खेल खराब मौसमका कारण रद्ध भएको छ ।

प्रतियोगिताको नियमअनुसार आईसीसी वरीयतामा अगाडि रहेको टिम ओमान विजयी भएको छ ।ओमानले एसीसी इमर्जिङ एसिया कपमा स्थान सुरक्षित गरेको छ । प्रिमियर कपको शीर्ष तीन टिमले एसीसी इमर्जिङ एसिया कप खेल्नेछन् ।

फाइनलिष्ट टिमहरु नेपाल र यूएईले यसअघि नै जुलाइमा हुने यो प्रतियोगितामा स्थान सुरक्षित गरिसकेका छन् ।

प्रतियोगिताको आयोजनास्थलको निर्णय भइसकेको छैन ।१३१ रनको लक्ष्य पछ्याएको ओमानले ६ ओभरमा विना क्षति ४१ रन बनाउँदा तेस्रो स्थानका लागि भएको खेल वर्षाका कारण रोकिएको थियो । दिउँसो ३ बजेपछि वर्षा रोकिए पनि मैदानमा पानी जमेर खेल्न नमिल्ने भएपछि रद्ध गरिएको हो । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको कुवेतले ३१.३ ओभरमा सबै विकेट गुमाएर १३० रनको योगफल बनाएको थियो ।

कुवेतलाई सस्तैमा समेट्न ओमानका जय ओडेड्राले ५.३ ओभरमा १ मेडन राख्दै १४ रन खर्चेर ५ विकेट लिएका थिए । विलाल खानले २ विकेट लिएका थिए । कुवेतका ओपनर अदान इद्रिसले सर्बाधिक ३४ तथा सयद मोनिवले २८ रन जोडे ।

यसअघि सेमिफाइनलमा पनि कुवेत र नेपालबीचको खेल वर्षाले रद्ध भएको थियो । समूह चरणको प्रदर्शनका आधारमा नेपाल फाइनलमा पुगेको थियो भने कुवेतले तेस्रो स्थानका लागि प्लेअफ खेल्नुपरेको थियो ।

नेपाल समूह ए को विजेता र कुवेत समूह बीको उपविजेता बन्दै फाइनल प्रवेश गरेका थिए । प्रतियोगिताको उपाधिका लागि सोमबार नेपाल र यूएई आमने सामने हुँदैछन् ।

यो खेलको विजेताले आगामी सेप्टेम्बरमा हुने एसिया कप क्रिकेटमा भारत र पाकिस्तान

# बार्सिलोनाको सहज जितमा यामलको कीर्तिमान



**काठमाडौं ।** १५ वर्षीय लामिन यामाल बार्सिलोनाका लागि खेल्ने सबैभन्दा कम उमेरका खेलाडी बनेका छन् । र, शनिबार राति भएको स्पानिस ला लिगाको यसै खेलमा बार्सिलोनाले रियल बेटिसलाई ४-० ले पराजित गरेको छ ।यस जितपछि बार्सिलोनाले दोस्रो स्थानको रियल मड्रिडमाथि ११ अंकको अग्रता कायम नै राखेको छ । त्यसअघि करिम बेन्जेमाको ह्याट्रिकमा रियलले अल्मेरियालाई ४-२ ले पराजित गरेको थियो । बार्सा एकेडेमी प्रडक्ट यामाल ८४औं मिनेटमा गावीको स्थानमा मैदान प्रवेश गर्दै डेब्यु गरेका हुन् । उनले १५ वर्ष २९० दिनको हुँदा बार्सिलोनाका लागि खेल्दै कीर्तिमान बनाए । यसअघि बार्सिलोनाका लागि खेल्ने सबैभन्दा कम उमेरको कीर्तिमान अंशु फातीको नाममा थियो । यस्तै यामाल ला लिगामा डेब्यु गर्ने पाँचौ कम उमेरका खेलाडी बने । ला लिगा खेल्ने सबैभन्दा कम उमेरको खेलाडी भने लुका रोमेरो हन् । उनले १५ वर्ष २१९ दिनको हुँदा २०२० मा रियल मड्रिडविरुद्ध डेब्यु गरेका थिए ।घरेलु मैदान नोउ क्याम्पमा बार्सिलोनालाई जित दिलाउन आन्द्रेज क्रिस्टेनसेनले १४औं, रोबर्ट लेवान्डोस्कीले ३६औं र राफिन्हाले ३९औं मिनेटमा गोल गरे । बेटिसका गुइडो रोड्रिगेजले ८२औं मिनेटमा आत्मघाती गोल उपहार दिए । बेटिसका एडगर गोन्जालेज ३३औं मिनेटमा रातो कार्ड पाउदै मैदान बाहिरिएका थिए । जितपछि बार्सिलोनाको ८२ खेलबाट ७९ अंक छ । अब लिगमा ६ चरणको खेल बाँकी हुँदा बार्सिलोनाले ३ खेल जितेमा उपाधि जित्नेछ ।

**बेन्जेमाको ह्याट्रिक**

करिम बेन्जेमाको ह्याट्रिक मदतमा रियल मड्रिडले अल्मेरियालाई ४-२ ले हरायो । घरेलु मैदान सान्टियागो बर्नाबेउमा भएको खेलमा बेन्जेमा पहिलो हाफमै ह्याट्रिक गरेका थिए । र, खेलको पाँचौ मिनेटमै गोलको खाता खोलेका बेन्जेमाले १७औं मिनेटमा अग्रता दोब्बर पारे । ४२ औं मिनेटमा पेनाल्टीमा गोल गर्दै उनले ह्याट्रिक पूरा गरे । रोड्रिगोले ४७औं मिनेटमा एक गोल थपे । अल्मेरियाका लागि भिनिसियस मार्कुएसले पहिलो हाफको इन्जुरी टाइममा र लुकास रोबर्टोनले ६१औं मिनेटमा गोल गरे । जितपछि दोस्रो स्थानको रियलको ३२ खेलबाट ६६ अंक छ । रियल लिग लिडर बार्सिलोनाभन्दा ११ अंकले पछि छ ।

# सुडानमा अन्नपानी अभावमा जनजीवन अस्तव्यस्त



**खार्तुम ।** सुडानको राजधानी खार्तुममा पुनः भीषण युद्ध शुरु भएको छ । युद्धग्रस्त क्षेत्रबाट सर्वसाधारणलाई सुरक्षित रुपमा बाहिर जाने वातावरण बनाउने उद्देश्यले गरिएको पछिल्लो युद्धविराम भङ्ग भएको छ ।

सुडानी सेनाले विपक्षी अर्धसैनिक बल आरएसएफलाई चारै दिशाबाट आक्रमण गरिरहेको बताएको छ । युद्धका कारण घरमै फसेका हजारौँ सुडानी अन्नपानीको अभावमा छटपटाइ रहेका छन् । युद्धकै बीचमा जोखिम मोलेर विदेशी नागरिकलाई भने सम्बन्धित देशका सरकारले सुरक्षित स्थानतर्फ लगिरहेका छन् । अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररुपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो । सुडानामा नागरिक शासन कसरी पुनःस्थपान गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ । आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ ।

आरएसएफलाई सेनामा समाहित गर्ने विषयमा सेना प्रमुख अब्देल फताह अल बुरहान र आरएसएफ प्रमुख मोहम्मद हमदान डगालोबीचको मतभिन्नता निरुपण नहुँदा समस्या बल्झेको विश्लेषकले बताएका छन् । पन्ध्र दिनअघि शुरु युद्धमा कम्तीमा पाँच सय १२ जनाको मृत्यु भएको तथा चार हजार एक सय ९३ जना घाइते भएका सुडानी स्वास्थ्य मन्त्रालयले जनाएको छ । यद्यपि युद्धमा परी ज्यान गुमाउने र घाइेत हुनेको सङ्ख्या यो भन्दा धेरै बढी भएको ठानिएको छ । राष्ट्रसङ्घीय निकायले करिब दुई लाख सुडानी सुरक्षित स्थानको खोजीमा छिमेकी मुलुकतर्फ भागेका बताएका छन् ।

आठ वटा अफ्रिकी मुलुकका साथै अमेरिका, बेलायत र संयुक्त राष्ट्रसङ्घको ७२ घण्टा पुनःयुद्धविराम गराउने गहन कूटनीतिक प्रयास गत बिहीबार सफल भएको र द्वन्द्वरत पक्षले त्यसलाई पालना गर्ने बताएका थिए तर उक्त सहमति पूर्णरुपले पालना नभएकामा अन्तरराष्ट्रिय समुदायले गम्भीर चिन्ता व्यक्त गरेका छन् । युद्धबाट सुडानका १८ मध्ये १२ वटा राज्य प्रभावित भएका छन् । डार्फुर र राजधानी खार्तुम अधिक प्रभावित भएका छन् । राष्ट्रसङ्घीय खाद्य कार्यक्रमले युद्ध जारी रहेमा एक करोड ५० लाख सुडानी भोकमरीको चपेटामा पर्ने चेतावनी दिएको छ ।

# इरान-साउदी सम्बन्धबाट भारत पनि लाभान्वित हुने



**नयाँदिल्ली ।** इरान र साउदी अरबबीच कूटनीतिक सम्बन्ध पुनः सुरुवात भएपछि त्यसबाट भारतलाई पनि लाभ हुने एक जना कूटनीतिज्ञले बताएका छन् । तेहरान र रियादबीचको सम्झौताले खाडी क्षेत्रमा स्थायित्व र शान्ति कायम हुने र त्यसको लाभांश भारतलाई समेत प्राप्त हुने भारतका लागि इरानी राजदूत इराज इलाहीले बताएका हुन । शुक्रबार यहाँ भएको पत्रकार सम्मेलनमा चीनको मध्यस्थतामा इरान र साउदीअरबबीच पुनः प्रारम्भ भएको कूटनीतिक सम्बन्ध भारतका लागि खास चासोको विषय नभएको बताउँदै राजदूत इहालीले फारसको खाडी क्षेत्रमा शान्ति र स्थायित्व सुदृढ हुँदा आप्रवासी भारतीय कामदारले ढुक्क भएर श्रम गर्न पाउने तथा सरकारीस्तरमा पनि पारस्परिक साझेदारी एवम् सहकार्य गर्न सहज हुने अभिमत उनले प्रकट गरे ।

सुन्नी र सिया मुसलमान बहुल भएका देशबीचको मैत्रीका धार्मिक सद्भाव विस्तार गर्न बल पुग्ने बताए । शान्ति एवम् अमनचैन हुँदा विकास-निर्माण र नवप्रवर्तनका काममा ध्यान दिन सहज हुने तर्क गर्दै इलाहीले पश्चिम एसिया भारतको प्राथमिकताको क्षेत्र भएकाले दुई देशबीचको सुधारिएको सम्बन्धबाट भारत पनि लाभान्वित हुने आफ्नो धारणा सुनाए । इरान-साउदी सम्बन्धबाट क्षेत्रीय एवम् अन्तरराष्ट्रिय सुरक्षा सुनिश्चित हुनका साथै त्यसले खाडी क्षेत्रमा मात्र नभई अन्य स्थानमा पनि सकारात्मक प्रभाव पार्ने भएकाले उदीयमान अर्थतन्त्र भारतलाई आफ्ना उत्पादनको बजार विस्तार पनि एउटा अवसर हुने उनले बताए । यसैबीच, भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दमबागचीले 'पश्चिम एसियाका विभिन्न देशसँग भारतको सुमधुर सम्बन्ध रहेको चर्चा गर्दै उक्त क्षेत्रमा भारतको स्थायी चासो रहेको बताएका छन् । भारतले सधैँ मतभेदहरू समाधान गर्न वार्ता र कूटनीतिलाई जोड दिएको उनले दोहोऱ्याए ।

# आफ्ना तीन सन्तान झुन्ड्याएर मारेपछि आत्महत्या

**गया (विहार) ।** विहारको गया जिल्लामा एक महिलाले आफ्ना तीन सन्तानलाई झुन्ड्याएर मारेपछि आत्महत्या गरेकी छन् । जिल्लाको मग्रा क्षेत्रकी मातली देवीले शनिबार आफ्ना तीन जना बालबच्चाको झुन्ड्याएर हत्या गरेपछि आत्महत्या गरेकी प्रहरीले जनाएको छ। प्रहरीले सार्वजनिक गरेको प्रारम्भिक विवरणअनुसार पतिले सताएपछि उनले पहिले आफ्ना नानीलाई मारेर आत्महत्या गरेकी हुन् । छिमेकीरूले पनि मालतीको आत्महत्याको कारण उनका श्रीमान् नै भएको बताएका छन् । घरायसी तनावका कारण मालती आत्महत्याको बाटो रोज्न विवश भएकी उनीहरूको भनाइ छ । मालतीका पतिलाई पक्राउ गरेर अनुन्धान थालिएको छ ।

**ब्युटिपार्लर जान नपाउँदा आत्महत्या**

यसैबीच, गत बिहीबार मध्यप्रदेशको इन्दोरकी ३४ वर्षीया एक महिलाले आत्महत्या गरेकी छन् । आफूलाई श्रीमान्ले ब्युटिपार्लर जाने अनुमति नदिएपछि उनले आत्महत्या गरेकी प्रहरीले जनाएको छ । पन्ध्र वर्षअघि बलराम यादवसँग विवाह बन्धनमा बाँधिएकी रीनालाई बलरामले ब्युटिपार्लर नजानू भनेका थिए । रीनाले ब्युटिपार्लर जान अनुमति माग्दा बलरामले त्यसलाई अस्वीकार गरेका अनुसन्धान अधिकृत उमाशङ्कर यादवले बताएका छन् । बिहीबार साँझ कामबाट घरफर्केका बलरामले रीनालाई कोठामा झुन्डिएको अवस्थामा भेटेपछि प्रहरीलाई खबर गरेका थिए ।

